# जनरल भक्तवीर कुँवर राणाले छोराहरूलाई वि. सं. १९१२ मा गरिदिएको अशबण्डापत्र र तात्कालिक केही आर्थिक साथै अन्य ऐतिहासिक सवालहरू

— रमेश ढुङ्गेल

## १. परिचय

यस लेखमा जङ्गबहादुरको समयको आर्थिक अवस्था र थोरै सामाजिक र राजनैतिक अवस्थालाई प्रकाश पार्ने प्रयास गरिएको छ । लेखको मूलस्रोत जङ्गबहादुरका सौतेने दाजु जनरल भक्तवीरले छोराहरूलाई गरिदिएको अंशबण्डामध्ये उनका महिला छोरा कर्णेल तोरणध्वज कुँवर राणाको भागमा परेको जनरल भक्तवीरको सम्पूर्ण सम्पत्तिको १६ खण्डको ५ खण्ड सम्पत्तिको विवरण भएको मूल अंशबण्डापत्रलाई मानिएको छ । ३०० हरफमा लेखिएको यो लामो कागजमा जंगबहादुर र उनका त्यस समयसम्म जीवित सबै भाइहरू साक्षीका रूपमा रहेका छन् । वि. सं. १९१२ साल वैशाख महीनामा भएको यस अंशबण्डापत्रमा सम्पूर्ण चल तथा अचल सम्पत्तिलाई त्यस समयको बजारभाउ अनुरुप नगदमा परिणत गरी मूल्य तोकिएको छ । यसैले त्यस समयको आर्थिक क्षेत्रमा यसले धेरै प्रकाश पार्न सक्ने हुनाले सोभन्दा केही अगाडि र पछिल्लो कालसम्मको बजारको स्थितिलाई तुलनात्मक रूपमा अध्ययन गरी यसमा प्रस्तुत गरिएको छ ।

आर्थिक क्षेत्रमा यसले देशमा विद्यमान आर्थिक व्यवस्थाका बजारभाउ, विदेश व्यापार, पशुपालन, मूल्य स्थिति जस्ता महत्त्वपूर्ण पक्षमा प्रकाश पार्नुका साथै भर्खरै राजनीतिमा प्रमुख रूपमा उदाएका जङ्गबहादुरका आफन्तहरूको पारिवारिक सम्पत्ति कतिसम्म थियो भन्ने कौतूहलतालाई पनि केही हदसम्म निभाउँदछ । त्यस्तै सामाजिक क्षेत्रमा दासप्रथा, केही धार्मिक अवस्था, भेषभूषा-रहन सहनको बारेमा र राजनैतिक क्षेत्रमा जङ्गबहादुर र उनका भाइ-भतिजाहरूले पाएका पदहरूको साथै केही प्रशासनिक पद र उनीहरूको अवस्थाको बारेमा समेत थोरै जानकारी दिन्छ । यस्तै सामरिक महत्वका वस्तुहरू तिनको आवश्यकता र संग्रह र सुरक्षा गर्ने प्रवृत्तिको विषयमा र अन्य विविध पक्षमा पनि केही प्रकाश पार्दछ ।

यसमा मूलस्रोतले देखाएका ऐतिहासिक तथ्यहरूलाई समसामयिक वस्तुस्थितिको समेत अध्ययन गरी व्याख्या गर्ने प्रयास गरिएको छ । त्यस्तै यो पत्र एउटा परिवारको धन सम्पत्तिको विवरण पत्र भएको हुँदा उक्त परिवारको पारिवारिक परिचय पनि संक्षेपमा पेश गर्नु सान्दर्भिक हुने हुनाले जनरल भक्तवीरको थोरै पारिवारिक परिचय दिइएको छ । यसरी पारिवारिक परिचय प्रस्तुत गर्नको लागि यो मूल र प्रकाशित स्रोतबाट मात्र सम्भव

नभएकोले भक्तवीर कुँवर र उनका दाजुभाइ खलकका सम्पत्तिहरूसंग समेत भेट गरी प्राप्त हुन सकेसम्मको वास्तविक तथ्य सङ्कलन गरी प्रस्तुत गरिएको छ।[1]

**२. जनरल भक्तवीरको विषयमा केही कुरा :**

जनरल भक्तवीर कुँवर श्री ३ प्राइममिनिष्टर यान् कम्याण्डर इन चिफ जङ्गबहादुर कुँवरका[2] अर्की आमापट्टिका दाजु भएको हुनाले जङ्गबहादुरका पूर्वज र राणा परिवारको उत्पत्तिको विषयमा यहाँ धेरै उल्लेख गरिरहनु आवश्यक देखिंदैन। जङ्गबहादुरका पिता बालनरसिंह कुँवरका जेठी श्रीमती पट्टिबाट जन्मिएका[3] भक्तवीर, उमेरले जङ्गबहादुरका दाजु थिए तापनि चतुरता, हिम्मत र बुद्धिमा भने यी जङ्गबहादुरका दाजु अवश्यै थिएनन्। भक्तवीर वास्तवमा जङ्गबहादुरका दाजु भएको हुनाले नै जनरल भएका हुन् भन्नुमा अत्युक्ति हुन्न। उनी वास्तवमा निकै सोझो प्रवृत्तिका मानिस थिए। त्यसैले जङ्गबहादुरका त्यस्ता क्रियाकलापमा पनि दाजुको नाताले अरू भाइ सरह उनले चासो राखेको देखिंदैन। जङ्गबहादुर प्राइम्‌मिनिष्टर भएपछि दाजुको नाताले मान मर्यादा त पाउने नै भए, प्रशासनिक क्षेत्रमा पनि उनी प्रवेशसम्म त भएको उदाहरण पाइन्छन्, तर पनि उनले त्यसको फाइदा उठाउन पाएको जस्तो बुझिंदैन। हुनत यदाकदा उनको अन्तर्गत मुलुकी खाना जस्ता महत्वपूर्ण विभागहरू जिम्मा दिइएको विषयका पत्रहरू अनुसन्धानको सिलसिलामा प्राप्त भएका छन्। जस्तो वि. सं. १९१४ मा सदर मुलुकी खानाबाट जारी गरिएको एक पत्रमा 'श्रीमद्राजकुमार कुमारात्मज श्री जनरल भक्तवीर कुँवर राणाजीकस्य पत्रम्' भन्ने उल्लेख परेको छ।[4] जेहोस्, भाइ जङ्गबहादुरले हत्याएको पूर्ण शक्तिको उत्तराधिकारको रोलमा उनी थिएनन्। जङ्गबहादुरका अरू भाइहरू क्रमशः मिनिष्टर, कम्याण्डर इन चीफ र जनरल हुँदा उनी दाजु भएर पनि केवल जनरल मात्र रहेका थिए। त्यसैले आर्थिक आर्जन पनि रोलवालाहरूको तुलनामा कमै रहेको हुनुपर्दछ। यदाकदा जनरल भक्तवीरलाई जङ्गबहादुरबाट उल्टै शोषण गरिएको थियो भन्ने भनाइ पनि छ।

पत्रमा भक्तवीरका २ वटा घरको विषयमा ठेगाना सहित उल्लेख भएको देखिन्छ। त्यसैले यस प्रसङ्गलाई भक्तवीर-को स्थायी ठेगाना कहाँ भन्ने तर्फ मोड्नु आवश्यक हुन्छ। हुनत पहिले उनका पूर्वज रामकृष्ण कुँवर हुँदै रणजित कुँवर र उनका छोरा समेतको स्थायी ठेगाना भँवरकोट भनी देखाइएको पाइन्छ।[5] भँवरकोट पूर्व १ नं. मा (फूलबारी दाप्चासँगै) पर्ने बुझिएको छ। भक्तवीरका सन्ततिमध्येका श्री यज्ञविक्रम राणाका अनुसार भँवर-कोटका मानिसहरू नोकर-चाकरको रूपमा केही वर्ष पहिलेसम्म उहाँहरूको घरमा काम गर्दै थिए। कास्की र लमजुङ जङ्गबहादुरका पूर्वजको थलो नभएको र वस्नेत-हरूको विर्ता भएको कुरा पनि थाहा लागेको छ।[5ख] काठमाडौंमा भित्रिएपछि जङ्गबहादुरका पूर्वजहरूको बसोबास कहाँ हुन थालेको थियो भन्ने विषयमा स्पष्ट आधार पाइएको छैन। बालनरसिंहको घरकै विषयमा ऐतिहासिक स्रोत (हालसम्म प्राप्त) ले निर्दिष्ट गर्न सकेका छैनन् र इतिहासकारहरूले पनि उल्लेख गरेको देखिंदैन। यही कौतूहल मेट्न २।४ स्थान डुल्दा काजी बालनरसिंह कुँवरको घर काठमाडौंमा कुरीया गाउँमा थियो भन्ने कुरा थाह लागेको छ।[6] तर भाइ अंशबण्डामा बालनरसिंहका ८ भाइ छोराहरूमध्ये कसको भागमा त्यो घर पऱ्यो वा के भयो भन्ने विषयमा उल्लेख गर्न सकिने त्यति बलियो आधार पाउन सकिएको छैन। उनका छोराहरू अर्थात् जङ्गबहादुरका केही भाइहरू भने पछि लगनमा बसोबास गर्दथे भन्ने भनाइ छ।[7] तर लगनको त्यो बसोबास उनी-हरूको पैतृक सम्पत्तिबाट प्राप्त भएको नभएर बालनरसिंहको थापा परिवारसंगको वैवाहिक सम्बन्धले[8] गर्दा आएको हुनुपर्दछ। किनकि भिमसेन थापा समेत थापा परिवारको बसोबास लगनमा थियो। यता यस पत्रले भने भक्तवीर कुँवरका २ वटा घरमध्ये एउटा ईखापोखरीमा भएको र अर्को मरुहिटीमा भएको देखाउँछ। माथि उल्लेख गरिएको विचारधारालाई स्वीकार गर्नुपर्ने अर्को आधार यसबाट मिलेको छ। किनकि बालनरसिंहकी कान्छी श्रीमती जङ्गबहादुरकी आमा नैनसिंह थापाकी छोरी थिइन्। त्यसैले जङ्गबहादुर तर्फका भाइहरू लगनमा बसोबास गरेका र भक्तवीर जेठीपट्टिका भएको हुनाले अर्को आमापट्टिबाट सम्भवतः दाइजो स्वरूप आएको घरको हिस्सेदार उनी बन्न नपाएको वा नबनेको हुनुपर्दछ। यस आधारबाट भक्तवीरका माथि उल्लेखित

दुवै घर उनी आफ्नै आर्जन वा जङ्गबहादुरले व्यवस्था गरिदिएको हुनुपर्दछ । उता कुरीया गाउँको पैतृक घरलाई भिमसेन थापाको पतनको समयमा आएको हुरीले उडाएको हुनुपर्दछ । किनकि वि. सं. १८९४ मा पाँडेहरूको उदय र भिमसेन थापाको पतन भएपछि अरू सरह थापाका नातेदार बालनरसिंह कुँवरको पनि सर्वस्व हरण गरी जागीर खोसिएको थियो र जङ्गबहादुरको पनि ।[9] यसै सिलसिलामा कुरीया गाउँको उक्त घरमा पनि सरकार लागेको हुनुपर्दछ । नत्रभने जङ्गबहादुर समेत कसैको पनि पछि कुरीया गाउँमा बसोबास भएको उदाहरण भेटिनु पर्ने हो ।

भक्तवीरका ईखापोखरी र मरुहिटी २ घरको बारेमा यस पत्रमा उल्लेख छ । तर भक्तवीरको बसोबास भने ईखापोखरीमा नै थियो भन्ने बुझिएको छ । यो घर (दरबार) ७ चोक भएको थियो ।[10] श्री क्षेत्रविक्रम राणाका अनुसार 'ईखापोखरीमा अझै भक्तवीरका सन्तानहरू रहेका छन् र जङ्गबहादुर राजनीति तर्फ सर्वेसर्वा भए तापनि जेष्ठतामा जेठा र जङ्गबहादुरका समेत दाजु भएको कारणबाट वर्ष-वर्ष बडादशैंमा पूजा आदिको नेतृत्व त्यही घरबाट हुने र त्यस घरलाई नै मुख्य घर भन्ने चलन उनका संततिहरूमा अहिलेसम्म पनि कायमै रहेको छ । त्यस्तै भक्तवीर कुँवरलाई अझै उनका संततिहरू र पुराना बूढापाका मानिसहरू नामले भन्दा 'बूढा जर्नेल' भन्ने उपनामले चिन्दछन् । यस आधारबाट भक्तवीरको मूल निवास ईखापोखरी हो भन्ने कुरा प्रष्ट हुन्छ ।

अब आजको सान्दर्भिक पत्रमा उल्लेखित अंशबण्डाको विषयमा यहाँ चर्चा गरिन्छ । बण्डापत्रमा जनरल भक्तवीरको सम्पूर्ण सम्पत्तिलाई १६ खण्ड लगाई ५/५ खण्डको ३ भाग गरेर १ खण्डको १ भाग छुट्याइएको छ । ५।५ खण्डको ३ खण्डका हिस्सेदारहरू उनका छोराहरू क्रमश: मकरध्वज, तोरणध्वज र विक्रमध्वज देखिन्छन् । यसले उनका ३ छोराहरू भएको पुष्टि मिल्दछ । तर त्यति सानो (१६ खण्डको १ खण्ड) हिस्सा भने अंशबण्डाकै सिलसिलामा के उद्देश्यको लागि छुट्याइएको हो- बुझ्न सकिएको छैन । यसरी यस कुराबाट भक्तवीरका ३ छोरा रहेछन्– जेठा मकरध्वज, माहिला तोरणध्वज र कान्छा विक्रमध्वज भन्ने कुरा पनि बुझिएको छ । विक्रमध्वजलाई कहीं कहीं वीर विक्रम राणा भनी लेखिएको पनि पाइन्छ । तर श्री यज्ञविक्रम राणाको संग्रहमा रहेको एक वंशावलीमा भने भक्तवीरका २ छोराको मात्र उल्लेख छ । त्यसमा पनि यस पत्रमा उल्लेखित नामहरू र वंशावलीमा उल्लेखित नाममा १ जनाको नाम फरक छ । वंशावलीमा मकरध्वज र उत्तरध्वज नामका २ छोरा भएको देखिन्छ ।[11] तर तुलना गर्दा वंशावलीभन्दा यो नै आधिकारिक पत्र भएकोले अवश्यै यसलाई मान्नुपर्ने हुन्छ ।

यस पत्रको आधारमा भक्तवीर कुँवरको सम्पत्ति त्यति उल्लेखनीय रूपमा धेरै त देखिँदैन, जति त्यसताका त्यति शक्तिशाली जङ्गबहादुरका ज्यादै निकट व्यक्ति, त्यसमा पनि जनरल पद पाएका दाजुको सम्पत्तिको परिमाण सर्वसाधारणले सोचेको हुन्छ । तर यसो भन्दैमा उनको सम्पत्तिलाई त्यस समयको अनुपातमा कम पनि भन्न हुँदैन । किनकि १२९ वर्ष पहिले गरिएको सम्पत्तिको मूल्याङ्कन अहिलेको बजार स्थितिको अनुरुप हुन सक्दैन जुन कुरा यसै पत्रमा उल्लेखित सामान र तिनको त्यस समयमा राखिएको मूल्यबाटै पनि स्पष्ट हुन आउँछ । जस्तो सुनलाई नै उदाहरणको लागि लिन सकिन्छ । पत्रमा उल्लेख भए अनुसार प्रतितोला २० रूपैयां मात्र दर कायम गरिएको छ । त्यसको तुलनामा आज लगभग ३००० प्रतितोला दर पुगिसकेको छ । यस आधारमा भाउ वृद्धि अहिले र १२९ वर्ष पहिलेमा १५० गुनाको दरले भैसकेको छ । त्यस आधारमा एक-एक गरेर सम्पत्तिको लेखाजोखा गर्दा त्यत्ति कम पनि मान्नु हुन्न । अचल सम्पत्तिमा २।२ वटा भवनहरू र अन्य कतिपय सामग्रीहरूको मूल्य नै नराख्दा पनि किमतिमाल मात्रको मूल्याङ्कन गरी नगदमा परिवर्तन गरिएको कूल रकम त्रिचालिस हजार नौसय बाइस रूपैया दुई आना तीन पैसा तीन दाम रहेको छ । यसमा तोरणध्वजको अंशमा छुट्याइएको मात्र सुन २६० तोला १ पैसा ५ दाम रहेको छ । यो बाहेक १९ थान असर्फी र सुकी अन्नी आदिलाई नगदी कलममा राखिएको छ । यसरी हिसाब गर्दा झण्डै

८०० तोला सुनमात्र भक्तवीरको संग्रहमा रहेको देखिन्छ। यसलाई आजको दृष्टिकोणबाट हेर्दा पुंग नपुग रू. २४,०८,००००|- को सम्पत्ति हुन जान्छ। तर त्यस समयको आर्थिक दृष्टिकोण आजको रूपबाट राख्नु उचित हुन्न। त्यस जमानाको बजारको माग र पूर्तिको अवस्था आजको अवस्थासंग तुलना गर्न मिल्दैन। उदाहरणको लागि मखमलको एउटा चोलोलाई त्यसबेला २ तोला सुन बराबरको भाउ परेको छ। त्यस्तै एउटा अरबी घोडाको मूल्य रू. ५००|- देखिन्छ भने ठूला दाना सक्कली मोती १ को मूल्य रू. ११|- मात्र। बजार स्थिति र त्यसमा तात्कालिक समाजको प्रभाव र पहिलेदेखिको बजार दर र समसामयिक व्यापार-वाणिज्य-को विषयमा तल केही विस्तृत चर्चा गरिनेछ जसबाट यस विषयमा बढी स्पष्ट हुन सजिलो पर्छ।

## ३. आर्थिक पक्ष

खासगरी यहाँ सान्दर्भिक पत्रको आधारमा त्यस समयका आर्थिक क्षेत्रमा देखिएका तथ्यताहरूलाई प्रस्तुत गर्ने प्रयास गरिन्छ जसलाई आर्थिक उतार चढावको स्थिति प्रस्तुत गर्न केही अगाडि र पछाडिको स्थितिलाई पनि तुलनात्मक अध्ययन गरेर राखिएको छ। आर्थिक क्षेत्रका व्यापार-वाणिज्य, मूल्य, नापतौल र पशुपालन जस्ता कुरालाई यस अन्तर्गत चर्चा गरिन्छ। हुनत पत्रले दास व्यवस्थाको विषयमा पनि प्रकाश पार्दछ तापनि दासको मूल्य र उनीहरूको स्थितिबारे सामाजिक पक्ष अन्तर्गत चर्चा गर्नु वांछनीय हुने हुनाले सामाजिक अन्तर्गत यसलाई राखिएको छ।

(क) विदेश व्यापार : अंग्रेज-नेपाल युद्धभन्दा अगाडि नेपालको व्यापार संतुलन आफ्नो पक्षमा भए तापनि यस युद्धपछि पहिलेको स्थितिमा आमूल परिवर्तन आयो। नेपालको व्यापार वाणिज्यको इतिहासलाई दृष्टि दिंदा यहाँ प्राचीनकालदेखिनै आत्मनिर्भरताको स्थिति भएको हुनाले आयातभन्दा निर्यात व्यापार नै बढी हुन्थ्यो।[12] मध्यकालमा पनि यो क्रम जारी नै रहेको देखिन्छ।[13] नेपालको एकीकरण पछि पनि शुरूमै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले विदेशी वस्तुको आयातमा बन्देज लगाउँदै आत्मनिर्भर बन्ने मार्ग निर्देशन गर्दै उपदेश बक्सेका थिए। उपदेशमा भनिएको छ :

"उप्रान्त। देसका माहाजनलाई गोडप्रसाह देषी उभ आउन नदिनु. देसका माहाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनियां कंगाल गरि छाड्छन्...... देसका कपरा लगाउनालाई मल्लाई गरिदिनु. आफ्ना देसका कपरा बुन्न जान्यालाई नमना देषाई सघाउनु र बन्न लगाउनु र यस्ता भया नगत देस जांदैन।[14]

यसपछि पनि यो क्रम केही समयसम्म जारी रह्यो तर वि. सं. १८७३ मा भएको सुगौली सन्धिपछि यो क्रम टुट्यो। क्रमिक रूपमा स्वदेशी घरेलु उद्योग-धन्दाहरू, खानीहरू बन्द हुँदै गए र अन्त्यमा हाम्रो विदेश व्यापारको स्थिति प्रतिकूल भएको देखिन्छ। हड्सनले पनि वि. स. १८७१-७२ मा भएको अंग्रेज-नेपाल युद्धपछि नेपालको विदेश व्यापारमा विकास भयो भन्ने राय पेश गरेका छन्। तर यो विदेश व्यापार क्रमशः एक पक्षीय हुँदै थियो। यस कुराको पुष्टि त्यस समयमा बाहिरबाट आयात गरिने सामग्रीबाट पनि मिल्दछ। यस्ता बाहिरबाट आयात गरिने सामग्रीहरू यस पत्रमा पनि धेरै उल्लिखित छन्।[15] तर अंग्रेज-नेपाल युद्धभन्दा अगाडि बेलायतदेखिका सामग्रीहरू आएर यहाँको बजार र उद्योग-धन्दामा नराम्रो असर पर्न जाने हुनाले हरेक उपायले हिन्दुस्थानबाट नेपाल आई व्यापार गर्ने व्यापारीहरूलाई नेपाल प्रवेश गर्न र त्यहाँका सामग्रीहरू आयात गर्नमै पनि अप्ठेरो स्थिति सृजना गरिएको देखिन्छ। जस्तो अंग्रेजी वस्तुहरूमा अनियमित रूपमा र बढी भंसार लगाउनु, हिन्दुस्थानी व्यापारीहरूलाई सुरक्षाको प्रबन्ध कमी हुनु, सीमावर्ती क्षेत्र अव्यवस्थित हुनु आदि मुख्य यसका कारण हुन् भन्ने राय अंग्रेजी स्रोतको आधारमा हड्सनले प्रस्तुत गरेका छन्।[16] वास्तवमा नेपाल सरकारको नीति पनि त्यहीं नै रहेको देखिन्छ। नेपालमा मात्र नभएर तिब्बत व्यापारमा पनि अंग्रेजहरूको हात माथि पर्ला र नेपालको निर्यात व्यापारमा ठूलो आँच आउला भन्ने विषयमा सतर्कता नेपाल सरकारले लिएको थियो। अंग्रेज-नेपाल युद्धपछि नै पनि स्वतन्त्र रूपले कम्पनी सरकारको व्यापार तिब्बतमा चल्न सकेको थिएन। हिन्दुस्थान र तिब्बतको सोझै सम्बन्ध हुने बाटो नखुलेको

हुँदा नेपाल भएर मात्र यो व्यापार चल्ने हुनाले नेपालकै हात माथि पर्दथ्यो । तर चन्द्र शमशेरको समयमा 'यङ्ग हस्ब्याण्ड' मिसनको माध्यमबाट सोझै सिक्किमको बाटोबाट तिब्बतसंग अंग्रेजहरूको सम्पर्क भएपछि नेपाल-भोटको ज्यादै प्राचीन व्यापारिक परम्परामा नराम्रो असर पर्‍यो ।[17]

यस किसिमले पहिले नेपाल सरकारको अंग्रेज सरकारसंग आयात व्यापार विस्तार नगर्ने र निर्यात व्यापार आफ्नै तर्फबाट हुनुपर्दछ भन्ने स्पष्ट नीति थियो । वि. सं. १८६४ देखि नेपाल सरकारले मधेश र भित्री मधेशमा धेरै व्यापारिक बस्तीहरू बसायो । जसको मुख्य कारण तिब्बतीहरूसंग अंग्रेजहरूको सोझै व्यापार हुन नपाओस् भन्ने देखिन्छ ।[18] भोटे र फिरङ्गीहरू भेटेर दुई बीचमा व्यापार भयो भने हाम्रा रैयत र व्यापारीहरूको रोजगारी हराउँछ र त्यसको नतिजा राम्रो हुँदैन भन्ने विचार नेपाल सरकारको रहेको थियो ।[19] यस आधारमा हेर्दा व्यापारीहरूलाई अंग्रेजहरूसंग सोझै सम्पर्क राख्न नदिने नीति नेपाल सरकारको भएको स्पष्ट हुन्छ । नेपाल र तिब्बतको व्यापारको इतिहास धेरै लामो भएको कुरा स्पष्ट छ । यस व्यापारमा प्राचीनकालमै पनि त्यत्रा ठूला दुई साम्राज्य बीचको व्यापार मध्यस्थता नेपालले गरेको थियो । मध्यकालमै पनि तिब्बतबाट सुन, चाँदी आयात गर्ने र त्यहाँबाट आएको चाँदीलाई मुद्रा टकमरी गरी पुनः तिब्बत पठाउने परम्परा र नेपालको बजारको रूपमा तिब्बत रहेको कुरा स्पष्ट नै छ ।[20] शाहकालमा पनि एकीकरणपछि तुरुन्तै मुद्रा विषयको तिब्बतसंगको झमेला मिलाई परम्परागत व्यापार कायम राख्ने नीति पृथ्वीनारायण शाहबाट पनि लिइबक्सेको थियो । पछि वि. सं. १८३२ मा नेपाल र तिब्बतका बीच सम्झौता पनि भएको थियो । जस अनुरुप नेपालमा मुद्रण भएका मुद्रा तिब्बत सरकारले स्वीकार गर्ने र तिब्बतबाट सुन र चाँदी नेपाली व्यापारीको माध्यमबाट मात्र निकासी गर्ने कुरामा तिब्बतले मंजूर गरेको थियो ।[21] नेपाल तिब्बत व्यापारको विषयमा चर्चा गर्दै सम्पूर्ण चाँदी नेपालमा वाणिज्यको माध्यमबाट तिब्बतबाट आउँथ्यो भन्ने राय कर्कप्याट्रिकले पनि दएका छन् ।[22] तर सुन तिब्बतबाट मात्र आए-तापनि चाँदी चाहिं भारतबाट नेपाल भित्रिन्थ्यो । यसै अर्थले आफ्नो विदेश व्यापारको अनुकूलतम् स्थितिलाई कायम राख्ने र अंग्रेजहरूको हात पस्न नदिन नेपाल ज्यादै सतर्क थियो । नेपालमा भएको प्रशस्त वनसम्पदाको स्रोतलाई हेरेर निकासी व्यापारलाई वृद्धि गर्न युद्धभन्दा पहिले हिन्दुस्थानतर्फ काठ निकासी गर्ने उद्देश्यले वि. सं. १८६८ मा दुवै सरकारका बीच सम्झौता भई सरकारी कार्यालय (डिपो) समेत स्थापना भएको थियो । जुन कुरा भाद्र सुदी ५, १८६८ मा भएको काठ निकासीसम्बन्धी विनियमबाट र भाद्र सुदी १०, १८६८ मा भएको काठ ढुवानी सम्बन्धको पत्रबाट स्पष्ट हुन्छ ।[23]

यसरी पहिले त्यस किसिमको नीति रहेतापनि अंग्रेज-नेपाल युद्धपछि भएको सुगौली सन्धिपछि नेपाल र कम्पनी सरकारको बीचको व्यापारमा निकै वृद्धि भयो । नेपालको निर्यात व्यापार सुक्न थाल्यो र आयात बढ्न गयो । यस घटनाले नेपालमा विदेशी सामग्रीहरू भित्रिन शुरू भयो र क्रमशः विदेशी विलासका सामाग्रीहरूको मागमा वृद्धि पनि । हड्सनले वि. सं. १८८७ १८८८ (१८३०-१८३१ ई. सं.) मा नेपालको भारतसंगको आयात र निर्यातको स्थितिलाई प्रस्तुत गरेका छन् । जस अनुरुप त्यस वर्ष नेपालबाट भारतमा निर्यात रू. १०,००,००० बराबरको र आयात भने रू. १६,००,००० बराबरको भएको देखिन्छ । यस आधारमा नेपालको भारतसंगको व्यापार सन्तुलन १८८–८१ मै वार्षिक रू. ६ लाखको दरले प्रतिकूल भैसकेको थियो ।[24] यो क्रम पछि झन् बढ्दै गयो । वि. सं. १९०३ पछि अर्थात् जङ्गबहादुरको उदयपछि त झन् अंग्रेज सरकारको अनुकूल वातावरण नेपालमा सिर्जियो । त्यस्तै हड्सनको टिपोटमा वि.सं. १८८८ मा नै काठमाडौं उपत्यकामा ५२ स्वदेशी र ३४ जना भारतीय व्यापारीहरू विदेश व्यापारमा संलग्न भैसकेको बुझिन्छ ।[25] यस आधारमा एकातिर विदेशी सामग्रीको आयातमा वृद्धिको क्रम नेपालमा शुरू भएको देखिन्छ भने, अर्कोतिर भारतीय व्यापारीहरू पनि यहीं बसोबास गर्न थालेको बुझिन्छ । यसले क्रमशः नेपालमा बेरोजगारी बढ्नुको साथै आत्मनिर्भरता गिर्न पनि थाल्यो ।

नेपालमा यसरी भारतसंगको व्यापारमा वृद्धि हुनुको कारणमध्ये नेपालमा व्यापारिक शहरी बस्तिहरूको विस्तार हुनु पनि एक महत्वपूर्ण कारण बन्न गयो । पहिले तिब्बतका व्यापारीहरूले सोझै सम्पर्क राख्न नदिन नेपाली व्यापारिक बस्तिको पश्चिमी तराई क्षेत्रमा विस्तार गरिएको थियो भने, युद्धपछि त्यसको विपरीत तिनै बजारहरू बन्न गए । अर्कोतर्फ सरकारको नीतिमा पनि पछि परिवर्तन भएर भंसारबाट आउने आम्दानी बढाउने-तर्फ ढल्किएको देखिन्छ । यसले गर्दा पहिले भइरहेका बजारहरूको पनि आयात व्यापारको दृष्टिबाट महत्व बढ्न थाल्यो । उदाहरणको लागि त्यस समयतिर नेपालको पश्चिम तराई क्षेत्रमा ५ वटा महत्वपूर्ण बजार बस्ती विकसित भएका थिए । जुन ५ बजार केन्द्रहरूबाट भसार असूल गर्न ठेक्का दिइने व्यवस्था अनुरूप वि. सं. १८९५ मा रू. ११,००१ ठेक्का रकम तोकिएको थियो ।[26] यस कुराबाट नेपाल सरकार त्यस समयमा बढी भंसार रकम उठाउन आयात-निर्यात व्यापारमा खास कुनै बन्देज नलगाउने अवस्थामा पुगेको बुझिन्छ ।

यसरी नेपाल–भारतका बीच व्यापार विस्तारको क्रम अगाडि बढ्न शुरू गरेतापनि नेपालबाट भारतका उपभोक्ताहरूको लागि निकासीयोग्य वस्तुको ज्यादै कमी भएको हुनाले र अंग्रेजहरूको नीति पनि उनीहरूको बजार विस्तार गर्ने मात्र भएबाट नेपालको विदेश व्यापार अनुकूलतम् भएन । नेपालबाट निकासी हुने वस्तुहरूमा घोडा शिकारी बाज, चमर, कस्तुरी, आदि मात्र थिए । जुन वस्तुहरू नेपालका हिमाली क्षेत्रबाट जाने र तराईका बजारहरूबाट सट्टा-पट्टा गरेर भारतीय व्यापारीहरूले लैजाने गर्दथे ।[27] यसै हुनाले नेपालले भारतबाट बढी आयात गर्नुपर्ने अवस्था सिर्जिएको थियो जसको व्यवस्था-को लागि नेपाल सरकारका एजेन्टहरू पटना र बनारस जस्ता ठाउँहरूमा नेपालको माग अनुरूप सामग्री पठाउन राखिएका थिए । यस किसिमले नेपालको आयात व्यापार बढ्दो स्थितिमा जाँदै थियो । भारतबाट त मरमसला जस्ता दैनिक उपभोगका सामग्रीहरूदेखि लिएर साधारण लत्ताकपडा र समुद्रपारदेखिका विलासिताका वस्तुहरू सबै आयात हुने गर्दथे । राजा महाराजाका दरबारमा यस्ता समुद्रपारका वस्तुको माग बढी थियो । त्यसैको केही नमूना यस लेखको सान्दर्भिक पत्रले पनि दिन्छ । यो त झनै वि. सं. १९१२ को कुरा हो नेपालको आत्मनिर्भरता क्रमशः घट्दै गएको बेला ।

प्रस्तुत पत्रमा विदेशबाट आयात गरिने सामग्री-हरूमा बढी लत्ताकपडा त्यसपछि सामरिक हतियारहरू, बहुमूल्य धातु र जडाउहरू र अन्य केही विविध वस्तुहरू पर्दछन् । पत्रमा उल्लेख भएका यस्ता सामग्रीहरूलाई यहाँ २ भागमा विभाजन गरी प्रस्तुत गरिन्छ ।

**कपडाहरू :** जनसाधारणले पनि प्रयोग गर्ने खालका र धेरै मूल्य पर्ने दरबारियाहरूले मात्र प्रयोग गर्ने गरेर २ किसिमका कपडाहरू यसमा देखिन्छन् । जसमध्ये कति त तैयारी लुगाको पनि उल्लेख यसमा परेको छ । साल, मखमल, किमखाब, लाहुरी साटन, मुलिसकिन, कुचिन, घुस्की, देशी फरासिस, किमरख आदि धेरै मूल्य पर्ने, ढाका, पिताम्बर, नैनसुत, दरेस, नैनकिलाट, अन्य कोरा कपडाहरू गजन, जिन आदि मध्यमकोटिका र छिट खाँडि आदि जस्ता निम्नकोटिका कपडाहरूको उल्लेख यस पत्रमा परेको छ । जसमध्ये छिट चाहिं स्वदेशमै उत्पादन हुने र विदेशी समेत २ थरीका प्रयोग हुने परम्परा त्यसताका थियो । मखमलको बनाति, मखमलको कुर्थी, मखमलको गलेबंदी, गुछलिवाल बनाति, अंग्रेजी कुर्थी, जामेवाल च्यादर, बनाति बर्षादी, मोजा पंजा आदि पोशाकहरू संभवतः तैयारी नै पैठारी हुने र अरू भने कपडा ल्याएर तैयार गर्ने प्रचलन रहेको हुनुपर्दछ ।

**अन्य वस्तुहरू :** लत्ताकपडा बाहेक हलविऐना, हुमाउको कलकी, चिनिया पंखा, बन्दूक साधारण र बेलायती, बेलायती रैफल, ढाल, काँच, सक्कलि मोती, विभिन्न वजन-का ढकहरू, सुन–चाँदी, हात्तिका गहना, कच्चापन्ना, अरबी घोडा, तामा, पित्तल, इस्पात आदि धातु साथै टिनका सन्दुस, मेच आदि सामग्रीको उल्लेख यस पत्रमा परेको छ ।

माथि उल्लेखित सामग्रीहरू नेपालमा खासगरी हिन्दुस्थान, बेलायत र अन्य यूरोपीय मुलुकबाट र केही

नगण्य रूपमा अन्य देशहरूबाट आयात हुन्थ्यो भन्ने कुरामा द्विविधा हुन सक्दैन । नेपालमा मल्लकालदेखि नै व्यापार-को उद्देश्यले काश्मिरी मुसलमानहरूको बसोबास भएर आएको र तात्कालिक राजा महाराजाहरूमा मुगल सभ्यता-को प्रभाव पनि रहेको थियो ।[28] पछि युरोपीय माल-सामानहरू नेपालको व्यापारमा समावेश गर्ने व्यापारी यिनै मुसलमानहरू भए भन्ने राय पनि पाइन्छ ।[29] वि. सं. १६४६ ताका पनि नेवारहरूका साथै यिनै मुसलमान व्यापारीहरू युरोपीय वस्तुको व्यापार गर्दथे भन्ने राय त्यसै समयमा नेपाल आएका अंग्रेजी दूतावासका चिकित्सक गिमलेटले उल्लेख गरेका छन् ।[30] दरबारमा खासगरी भिमसेन थापाको समयदेखि र पछि राणाकालमा आएर अझ बढी विलासिताका सामग्रीहरू विदेशबाट आयात गर्ने परम्परा चलेको देखिन्छ । त्यसबेला दरबार-मा विदेशी लुगा–कपडाको निकै कदर हुने र विदेशबाट त्यस्ता सामग्रीहरू आयात गर्न सालसालैको लागि तनुखाकै व्यवस्था भएको उदाहरण समेत पाइन्छ । वि सं. १८६१ सालमा श्री ५ राजेन्द्रबाट छोटा जर्नेल रणवीरसिंह थापा-लाई लाहुरबाट पश्मिना कपडा झिकाउने लालमोहर भएको थियो । उदाहरणको लागि उक्त पत्र यसमा प्रस्तुत गरिएको छ :

"........पाल्पा सर्वरकमका साल-वसालका आमदानी मध्ये हाम्रा पोसाक लायकका बढिया साल पस्मीना षरिद गर्नाकन पटना रूपैया १०.०००१ साल–वसाल तन्तुषाह गरिबक्स्यों साल ६१ देखि साल–वसाल किफायत सित षरीद गर्न जांन्या वेस सिपालु धित् धरान भयाको तैंले पत्यायाका मानिस हस्ते लाहुरमा रूपैया पठाई साल पस्मिना षरीद गराई साल वसाल हाम्रा हजुरमा चह्राइ पठाउन्या गर     १८६१ साल श्रावण १० ५ शुभम् ।"

यसरी साधारण रूपमा केही पहिलेदेखि र खासगरी भिमसेन थापाको प्रधानमन्त्रीत्वकालदेखि शुरू भएको नेपालको आयातमूलक एकपक्षीय विदेश व्यापार क्रमिक रूपमा पछि पछि बढ्दै गएको कुरा माथि उल्लिखित तथ्यहरूबाट नै प्रष्ट भएको छ । राणाकालमा पनि पछि–पछि झनै यसको मात्रामा अरू बढी वृद्धि भएको देखिन्छ । यस कुराको प्रमाण वि. सं. १९०० तिर श्री ५ राजेन्द्रबाट थापा परिवारलाई बक्स भएको लाल-मोहरबाट पनि अवगत हुन्छ । यस पत्रमा विदेशी अनुकरण गर्नु र सामान झिकाउनु दरबारमा ठूलो इज्जत र असल कुरा हुन्थ्यो । यस पत्रमा भिमसेन थापाले विदेशी अनुकरण र विदेशी वस्तुहरू यहाँ लागु गराएको र झिकाएकोमा श्री ५ राजेन्द्रबाट उनको कामको कदर गर्दै लेखेका छन् " श्री जनरल कम्याण्डर ईन चीफ भिमसेन थापाका बुद्धि मंत्रणाले देस देसदेखि पातसाही× बाजा झिकाई नाना तरहका राग सधाया कंपू ८० हजार वमाया कोत छाउनी सिल षाना बनाई भारी षजाना. असवाप रषाया. देसबाट अरबी बेलायति. घोडा र वगी झिकाई हाम्रो सैल सवारि. भारि चालासित चलाया .." त्यस्तै त्यसै पत्रमा माथवरसिं थापाले वि.सं. १९०० वैशाख महीनामा विदेशी वस्तुहरू राजालाई र युवराजलाई सौगात लिआउँदा खुशी भएर थापा उपर लागेको कलंकमाथि विचार हुने कुरा त्यहाँ उल्लेख भएको छ - " जनरल मातवर सिंह थापाले त्यो केवल त्रिण वमोजिम मानि हाम्रो निमिष र दुष्ट अपराधीले लायाका कुल अपवादको उद्धार गर्न समझी लाष रूपैयाँको देस–देसको चीज सौगात ली १९०० सालका वैसाषमा. हाम्रा हजुरमा दाषिल भयो जो ल्यायाको दौलथ त्रिजक्जि हाम्रा नजराना चह्रायो... ।"[32]

वि. सं १९४८/४९ तिर यहाँ अंग्रेजी छाता, जुत्ता, पश्मिना, मखमल सलाई, ऐना, मलमल र सिउने सियो धागो समेत आयात हुनथालेको उदाहरण पाइन्छ ।[33] यी सामग्रीहरू प्रायः सबै विक्रमको उन्नाइसौं शताब्दीको उत्तरार्धसम्ममा नै नेपालमा आयात हुन थालिसकेको पुष्टि यस पत्रले गर्दछ । पत्रमा अंग्रेजी पश्मिना, मखमल, ऐना, मलमल आदि सबैको उल्लेख छ ।[34] यी बाहेक दरबारमा प्रयोग गरिने मरमसलाहरू पनि हिन्दुस्थानबाट आयात हुन्थे । जसमध्ये किसमिस, मुनक्कादाख, छोहरा, ल्वाङ, सुपारी (मानचंगी), नखिलगरी, पान (खाली) आदि ।[35]

× वादशाही

साथै विदेशी वाद्यवादनका सामग्री र महंगा वाद्यवादक, नर्तकहरू समेत जङ्गबहादुरकै समयदेखि दरबारको लागि झिकाइन्थे । बेलायतबाट खरीद भै आएको पेनेवाल बाजालाई पटनादेखि हेटौंडासम्म ल्याउन ढुवानी खर्च छुटचाइएको कुरा यसको बलियो प्रमाण हो ।[36] जुन वि. सं. २०१२ कै कुरा हो । माथि उल्लेख गरिएका सामानमध्ये सुपारीको आयात किनबेच भने नेपालमा मध्यकालदेखि नै हुन्थ्यो ।[37]

नेपालमा विदेशी सामानको आयात बढ्नुमा खासगरी राणाकालको युरोपीय देखासिकी पनि प्रमुख हो । जुन परपरालाई 'महर्ग निवारण' मा (त्यसैबेला लेखिएको) उल्लेख भएका तलका वाक्यले प्रष्ट पार्दछ ।

" —पर्पोसाक लगाउनालाई पनी अगाडी गोर्षाबाट पाल्पाको अधरको कानेटोपी विक्री हुन आउँदा नेपाली प्रधान्काजी सर्दारहरू स्मेत् वहुत्-वहुत् षायस गरि कीनी चाहनासंग लगायेथे भने कुरा सुनीन्थ्यो. ईन्दीन् नेपाल वासी अदना गरीवले पनि अंग्रेजी छाता जुत्ता पस्मीना या मखमलको टोपि कोट कमीच गलेवन्ध लगाई कर्साईकन हिन्छन् ।"[38]

यस किसिमले माथि उल्लिखित सामग्रीहरू बढ्दो मात्रामा नेपाल आयात हुन थालेतापनि यी सामग्रीहरूको खासगरी खपत दरबार र ठूलाबडाका घरमा मात्र हुन्थ्यो भन्नुमा त्यति अत्युक्ति होओइन । तथापि विदेशमा ठूलो पैमाना (Large scale) मा तथा मेशिनले तैयार गरेका साधारण कपडाहरूले भने यहाँको गाउँघरमा पनि केही बजार लिएको हुनुपर्दछ । यस सान्दर्भिक पत्रको समयभन्दा केही वषपछि अर्थात् वि. सं. १९४९ मा लेखिएको 'महर्ग निवारण' मा लेखकले यस कुराको राम्रो संकेत दिएका छन् । जसमा " पहाडमा वनेको २० हातको १ थान षार्डा लीए २ रूपैया देषी ५ मोहर्तक् लीन्छ २ रूपैंआले कहाँ बनेको २।। हात गज ४० हात लम्बाई भयाको १ थान मल्लल् पाइन्छ ।" भन्ने वाक्य उल्लिखित छन् ।[39] यस कुराले विदेशी सामानमा गुण राम्रो मूल्य कम हुने भएबाट स्वदेशी सामानको बजार विदेशी सामानले लिन थालेको कुरा स्पष्ट हुन्छ ।

माथि नै उल्लेख गरिसकिएको छ कि, वास्तवमा यो अवस्था नेपालमा नेपाल अंग्रेज युद्धभन्दा पछिदेखि लगत्तै शुरू भैसकेको थियो । वि. सं. १८४० मा नेपाल आएका अंग्रेज चिकित्सक गिमलेटले पनि यो संकेत देखाएका छन् । उनी भन्छन् ।

"....Cotton cloth is also made for use in the country, very stout and durable, but the cheaper, more flimsy Indian & European cotton clothes are rapidly taking the place of the native made article."[40]

देशको प्रयोगको लागि धेरै खप्ने सूति कपडाहरू पनि उत्पादन हुन्छन् । तर सस्तो र बढी झिल्के भारतीय र युरोपीय कपडाहरूले चाँडो चाँडो स्वदेशी उत्पादनको स्थान लिंदैछन् ।

यस किसिमले उल्लेख गरिएतापनि धेरै दुर्गम क्षेत्रहरूमा भने यस्ता विदेशी सामग्रीहरूको खपत कमै भएको हुनुपर्दछ । यातायातको कठिनाई यसको मुख्य कारण हुनुको साथै स्थानीय छिट आदि कपडाहरू पहाडमै उत्पादन हुने परम्परा निकै पछिसम्म पनि थियो र मोटोखाँडी अझै पनि विभिन्न पहाडी भेगमा उत्पादन हुँदैछ । केम्प वेलले पनि चंग, खाँडी, विविध छिट, कस्सा, भांग्रा, पतासी, पुनिका आदि कपडा नेपालमै बन्दथे भनेर लेखेका छन् ।[41] यो १८९५-९६ वि. सं. तिरको कुरा हो । यस सन्दर्भमा नेपालमा अझै लुगा बुन्ने कला तल्लो श्रेणीमा छ, खस्रा र सौन्दर्यविहिन कपडामात्र बन्दछन् भन्ने राय त्यसबेला उनको रहेको बुझिन्छ । यसरी नेपालमै कपडाहरू बुन्ने परम्परा भए तापनि शहरी क्षेत्रमा र ठूलठूला व्यापारिक केन्द्रको रूपमा रहेका पहाडी क्षेत्रहरूमा नै पनि विदेशी तथा एक अर्को ठाउँमा उत्पादन हुने स्वदेशी वस्तुहरू पुग्न थालेको उदाहरण पाइन्छ । जुन कुरा वि. सं. १८७३ मा भएको १ लालमोहरले प्रष्टचाउँछ । जसमा भंसार महसूलको सिलसिलामा दोलखा क्षेत्रका अमालिदार, द्वारे आदिलाई महसूल उठाउन निम्न बमोजिम सामग्रीमा निम्न बमोजिम महसूल तोकिएको छ ।[42]

जमाहिर कपडा, पसमिना, देवांग कोचोन सिग-
रीफ, पारोवाज, जुर्रा, हात्ति घोडामा सयकडा—१॥
खेपुवा भारी, गाँगा जोर १, चिया धुवार भेवा,
खागी धागे, चागो पागा राटि हर्ताल सोदाग
मैनसिर, मैनमा भारी १ को ———————— ।=
फलाम, सूर्ति, तमाकु, झारवुटि, कागजको भारी
१ मा — — — — ।
विया, कपास, नून भारी १ को ———————ऽ ॥
ताम्वा भारी १ मा —————————— ।॥
चौर चरस भारी १ मा—————————— १।
कस्तुरी १ मा — — ॥=
भेडा चाङ्ग्रा ५० वटामा—— — १ गोटा

यसरी विदेशी सामग्रीको आयातमा बृद्धि हुने कारणहरूमध्ये अर्को एक महत्वपूर्ण कारण नेपालमा त्यस समयमा आएको यूरोपीय शैलीमा दरवार, भवनहरू बनाउने र सिगार्ने सजाउने बाढी पनि हो। जुन क्रम जङ्गबहादुरको वेलायत यात्रापछि बढी मात्रामा अगाडि बढ्यो। [43]

**मूल्य स्थिति:**

नेपालमा आधुनिककालको शुरू अवस्थातिरसम्म पहिलेका (मल्लकालका) र पछिका विभिन्न धातुस्तर र परिमाण भएका मुद्राहरू प्रचलनमा भएबाट मूल्यस्थिति निश्चित थिएन। यस पत्रमा चाँदीको सुकी १ को २ आना बराबर मूल्य निर्धारण भएको पाइन्छ। [44] यस कुराले केही भ्रम परे तापनि वास्तवमा यो २ आनाको सुकी आधा सुकी अर्थात् १२½ पैसाको हुनुपर्दछ। त्यस समयदेखि केही पछिसम्म पनि यस्ता सुकी प्रचलनमा थिए। पत्रमा विभिन्न वस्तुको नगदमा मूल्याङ्कन गर्दा क्रमश: रूपैयाँ, सुका, आना, पैसा र दाम इकाईको प्रयोग भएको पाइन्छ। यसका अलावा त्यस समयमा कुनै कुनै पत्रमा रूपैयाँ, सुका, गंडा, पैसा र दामको प्रयोग भएको पनि पाइन्छ। गोपालदत्त पाँडेले लेखेको व्यक्त चन्द्रिकामा ४ दामको १ पैसा, ४ पैसाको १ गंडा, ४ गंडाको १ सुका र ४ सुकाको १ रूपियाँ भनी उल्लेख भएको छ। [45] यस आधारमा १६ आनाको १ रूपैयाँ नै बुझिन्छ। त्यस्तै गरेर यस पत्रमा उल्लेख भएको आधारमा सुकीको आधा भागमा २ आना हुँदा १ सुकाको ४ आना अर्थात् आनाको ४ पैसाले १६ पैसा हुन्छ। यसैभरी २ सुका अर्थात् १ मोहरमा ३२ पैसा र १ रूपियाँमा ६४ पैसा हुन्छ। ह्यामिल्टनले १ मोहरमा ३४ पैसाको चलन चल्ती देखेको उल्लेख गरेका छन्। [46] यस आधारमा १ रू. मा ६८ पैसा पर्दछ। वास्तवमा दशमलवको प्रचलन नभएको हुनाले धातुको स्तर र परिमाणको घटबढको कारणले १ रू. मा १६ आनादेखि २५ आनासम्म तलमाथि हुने गर्दथ्यो भन्ने विचार पाइन्छ। [47] २५ आनासम्म पुग्ने विषयमा स्पष्ट रूपमा भन्न नसकेपनि यस्तो मूल्यमा तलमाथि परेको कुराको उल्लेख भने अन्यत्र पनि धेरै ठाउँमा पाइन्छ। व्यक्त चन्द्रिकामा पनि यस्तो उल्लेख भएको छ। [48] त्यस्तै गरेर व्यक्तिगत संग्रहमा रहेका विभिन्न कागजपत्रमा पनि यस्ता उदाहरण पाइन्छन्। जस्तो कहिले रूपैयाँमा ५६, कहिले ५४, कहिले ६४ र कहिले ६८ पैसा आदि। [49]

**बजारभाउ र नापतौल व्यवस्था:**

देशको मूल्यस्थिति र आर्थिक व्यवस्था नै निश्चित नभएपछि बजारभाउ र नापतौल व्यवस्थामा त्यसको असर पर्ने नै भयो। आयात निर्यात व्यापारको पनि खास नीति बन्न नसकेको बेला बजार व्यवस्था पनि राम्रो हुनसकेको थिएन। यस पत्रमा उल्लेखित सामग्रीहरूको दरभाउ पहिले प्रस्तुत गरी वि. सं. १९१२ भन्दा अघिपछिको दरभाउलाई तुलनाको लागि यहाँ प्रस्तुत गरिन्छ:

**पत्रमा उल्लेख भएका केही वस्तुको मूल्य**
**(वि. सं. १९१२)**

| वस्तु | परिमाण | मूल्य (रू. आ. पै) |
|---|---|---|
| असर्फी | १ थान | २४।-- |
| सुन | १ तोला | २०।-- |
| चाँदी | १ तोला | १।१।२ |
| मोती (ठूला दाना) | १ थान | ११।-- |
| ,, (माझा दाना) | १ थान | ३।-- |
| ,, (साना दाना) | १ थान | २।- |
| काँसो तामा (औसत) | १ धार्नी | ४।-- |

| वस्तु | परिमाण | मूल्य (रू. आ. पै.) |
|---|---|---|
| पाल (सानो) | १ थान | ५०।- |
| सालका लवेदा | १ थान | ५०।- |
| मखमलको कुर्था (लामो) | १ थान | ७०।- |
| किमखावको चोला | १ थान | १८।- |
| मखमलको चोला | १ थान | ४०।- |
| किमखावको फरिया | १ थान | ४५।- |
| कुचिनको फरिया | १ थान | ६०।- |
| बुजिन | १ जोर | ५०।- |
| अरवी घोडा | १ गोटा | ५००।- |
| खसी | १ गोटा | ८।- |
| बाख्री | १ गोटा | ४।- |
| हलवी ऐना | १ गोटा | १३ - |
| ढाल | १ गोटा | १२।- |

माथि उल्लेख गरिएका सबै वस्तुलाई पत्रमा किमति माल अन्तर्गत राखिएको छ। हुनत बेकिमति माल अन्तर्गत राखिएका सामग्रीहरू पनि कतिपय मूल्यवान नै छन्।

अब यसको तुलनाको लागि केही अघिपछिका बजारभाउलाई यहाँ समावेश गर्नु सान्दर्भिक हुनेछ। वि. सं. १७९६ तिर एउटा बोकाको मूल्य १ रू. (दुई टंका), तेल १ मानाको ९ दाम, नून १ ट्वाकको ८ दाम पर्दथ्यो। [50] यसै समयताका एउटा साधारण घोडाको मूल्य लगभग ५० रू. देखि ९५–१०० सम्म पर्दथ्यो।[51] त्यस्तै गरेर वि. सं. १८८६ मा एउटा असल जातको राँगोलाई रू. २।- सम्म परेको उदाहरण पाइनुको साथै वि. सं. १८०१ मा एकमोहर नगदको ऋणबाट ५ पाथीसम्म धान ब्याज पाइने परम्परा रहेको देखिन्छ।[52] यो समयभन्दा केही अगाडि एउटा वँदेलको मूल्य ५ देखि रू. साढे ७ सम्म पर्दथ्यो।[53]

सुनको भाउलाई दृष्टि दिदा मध्यकालको अन्त्य तथा आधुनिककालको शुरुतिरै निम्न वमोजिम दर रहेको पाइन्छ।[54]

| | रू. आ. पै. |
|---|---|
| वनेवरी प्रति तोला | १२– १– २ |
| असल प्रतितोला | १२– ×–× |
| मध्यम ,, | ११ - ९– २ |
| कमसल ,, | १०– १– ४ |

यस्तै गरेर १८९३ को १ पत्रमा सुनको भाउ राम्रो को रू. २० प्रतितोला देखिन्छ। यसै पत्रमा कस्तुरी विना १ तोलाको रू. ३ पर्ने कुराको पनि उल्लेख छ।[55] त्यस्तै १८९७ को कोतको लगतमा पनि रू. २०।- को १ तोला सुन आउने कुराको नै उल्लेख पाइन्छ।[56] यसबाट दुई दशकसम्म सुनको भाउमा कुनै बृद्धि नभएको बुझिन्छ। किनकि वि. सं. १९१२ को माथि उल्लिखित विवरणमा सुनको भाउ प्रति तोला २०।- नै रहेको छ।

वि. सं. १८९१ मा राजा स्वयंको प्रयोगका लागि साल पश्मीना खरिद गर्न रू. १०,००० सम्म वार्षिक छुट्याइएको कुराको माथि नै उल्लेख गरिसकिएको छ। यसबाट पनि साल पश्मीना त्यसकालमा निकै मूल्यवान भएको कुरा प्रष्टिन्छ। तर पश्मीनाको परिमाण भने यसमा तोकिएको छैन। तुलनात्मक अध्ययनको लागि यहाँ वि. सं. १८९२ का केही सामग्रीहरूको बजारभाउलाई प्रस्तुत गर्न प्रासंगिक हुने छ। जुन निम्नवमोजिम छ। [57]

| सामान | मूल्य |
|---|---|
| वेलायती मखमल पगाम १ के | ८। |
| १०० हात्वा सखंद पगरी थान १ के | ४० |
| ८० हात्वा | ३२ |
| ६० — | ३५ |
| १०० पूर्वी पगरी | १९।। |
| गुजराती सिंदूर | १।।। = |
| देशी चिनी धार्नी १ के | १ ≡ । |
| वड गजी कोचीम | ८ |
| पत्ति | ४।। |
| झाड वाला | १ |
| ८ वन वात्न गज १ के | २० |
| सुल्तानी | ८।।। |
| लाधी | ४ |

| सामान | मूल्य |
| --- | --- |
| अंग्रेजी वड गजी छिट थान १ के | २८ |
| फरासीस छिट – | २७॥ |
| लालबुट्टी ढाका जम्दनी | ३७॥ |
| ढाका जाम्दानी | ६८॥। |
| पेचिन तास थान १ के | ४२ |
| दोरूवा | ४४ |
| सुनौला तास | ४॥ |
| कार्चोगीकामको मुछल १ के | ६२ |
| अंग्रेजी साल जामा | ८ |
| ३ पाट्या राढी १ के | २ |
| शान्तिपुरी नैनसुष | २९ |
| लषनौ छिट | ७॥ |
| अंग्रेजी नैनसुष | २४ |

यसरी नै पछि १९४९ तिर नेपाली घरबुना खाँडी कपडा २० हातको १ थानलाई रू. २ देखि २।५० सम्म पर्ने कुराको उल्लेख पाइन्छ। त्यस्तै यसै समयमा ४० हात लम्बाई साढे दुई हात चौडाई भएको विदेशबाट आएको मलमललाई रू. २।- मात्र पर्दथ्यो ।[58]

वि. सं १७८७ देखि १८१३ सम्मको बजारलाई हेर्दा कपासको मूल्य प्रतिधार्नी १ मोहर रहेको देखिन्छ ।[59] यसलाई दृष्टिदिदा अरू वस्तुभन्दा कपास त्यसकालमा तुलनात्मक रूपमा महङ्गो देखिन्छ। यसबाट लुगा, कपडा महङ्गो हुनाको एक कारण यो पनि रहेको बुझिन्छ। पछि पनि विदेशबाट आयात हुने कपडाभन्दा यहाँका घरबुना कपडाहरू महङ्गो भएको कारण यही हुनुपर्छ। यस्तै यस सान्दर्भिक पत्रमा अरबी घोडा १ को मूल्य रू. ५००।- रहेको छ। विक्रमको अठारौं शताब्दिको अन्त्यतिर घोडा (साधारण) हेरी-हेरी रू. ५०।- देखि रू. ९०/९५।- सम्म पर्दथ्यो। वि.सं. १९१६ तिर एउटा घोडालाई रू. ६०।- मूल्याङ्कन गरेको पाइ छ ।[60] यस आधारबाट शताब्दियौं मा पनि घोडाको भाउमा खास बृद्धि भएको देखिंदैन।

अब यसै सन्दर्भमा अन्नको दरभाउको विषयमा पनि यहाँ चर्चा गर्नु उचित हुनेछ। वि. सं. १८२६/२७ तिर १ रूपियाँमा २०–२२ पाथीसम्म धान पाइने, वि. सं. १८२८/२९ तिर १ रू. को लगभग २ मुरीसम्म पाइने र १८३१/३२ तिर कहिले ५४ पाथीसम्म र कहिले ३०/३२ पाथीमात्र पाइने कुराको उल्लेख भेटिन्छ ।[61] यसैगरी वि. सं. १८६५ तिर पूर्व तराईमा १. रू. को २.२५ मन धान पाइने कुराको उल्लेख पाइन्छ ।[62] यस कालको धानको दर भाउको विषयको विवरणमा केही भिन्नता पनि देखिन्छ। देवीचन्द्र श्रेष्ठले वि. सं. १८३१ देखि १९४८ सम्मको धानको भाउ निम्न बमोजिम दिएका छन् ।[63]

| वर्ष | रूपैयाँ | परिमाण |
| --- | --- | --- |
| १८३१ | १ | ५ मुरी |
| १८९० | १ | १ मुरी |
| १९०६ | १ | १२ पाथी |
| १९३२/३३ | १ | ६ पाथी |
| १९४८/४९ | १ | ।१।४ (१ पाथी ४ माना) |

यस्तै अर्को १ प्रमाण अनुसार वि. सं. १८९५ तिर १ मुरी धानलाई १ टक्का (रू. १) पर्दथ्यो ।[64] यसै प्रसंगमा धान र घिउको मूल्यको तुलना गर्ने आधार पनि पाइएको छ जस अनुसार वि. सं १८७२ तिर १ धार्नी घिउलाई १ मुरी धान दिनु पर्दथ्यो ।[65]

अब थोरै नापतौल व्यवस्थाको बारेमा यहाँ उल्लेख गर्नु प्रासंगिक हुनेछ। यस पत्रमा सुन–चाँदी, काँसो तामा, पित्तल आदिका भाँडाकुडाहरूको तौल राखी संपूर्ण तौल जोडेर प्रचलित दरले नगद मूल्यमा परिवर्तन गरिएको छ। यस पत्रमा सुन र चाँदीमा तोला, आना, पैसा र दामको इकाईको उल्लेख छ। त्यस्तै अन्य धातुमा धार्नी, तोला, आना, पैसा र दामको इकाई उल्लिखित छ। यस आधारमा हेर्दा त्यस समयमा उपर्युक्त नापतौलका इकाईको परम्परा भएको बुझिन्छ। यस्ता नापतौलका इकाई व्यवहारमा अझै र सरकारी हिसाबमा केही वर्ष अघिसम्म प्रचलनमा थियो। यस्ता इकाईमा तौल गर्ने ढक–तराजुको नै प्रयोग हुने कुरा स्पष्ट छ। पत्रमा विभिन्न आकारका ढकहरूको उल्लेख छ।

यसको अलावा त्यस समयभन्दा पहिलेदेखि नै

पछिसम्म पनि अन्य तौलका इकाईको पनि प्रयोग हुन्थ्यो। कर्क प्याट्रिकले धार्नी, बिसौली, १२ पोल, ८ पोल, चारपोलैको तौल इकाई उनको समयमा नेपालमा चलेको कुरा उल्लेख गरेका छन्।[66] त्यस्तै अन्नमाप गर्ने इकाईमा अञ्जली, माना, कुरूवा र पाथीको उल्लेख गरेका छन्।[67] यी बाहेक पहाडी र तराई क्षेत्रमा धार्नी, ७ शेर, हुमाली, ५ शेर, ६ वोडी, विसौली, आठपोल, वोडी आदि इकाईहरू पनि प्रचलनमा थिए। यस्ता इकाई परिमाण प्राय: डण्डीवाल तुलोको माध्यमबाट हुन्थ्यो। यस्ता इकाईमा वास्तवमा कति परिमाण वस्तु पर्दथ्यो भन्ने विषयमा पनि जानकारी लिनु यस प्रसंगमा आवश्यक हुन्छ। कर्क प्याट्रिक यस सन्दर्भमा निम्न विवरण पेश गर्दछन्।[68]

१० अञ्जली–१ माना
२ माना–१ कुडा (कुरूवा)
४ कुडा–१ पाथी

(हाल सुन चाँदी, तामा आदि किलो ग्राम आदि तौल इकाईमा तौल गरिन्छ।)

**तौल परिमाणमा:**

१ धार्नी–२१।२ (बंगाल बजारमा प्रचलित तौलको शेर)
२ विसौली–१।२ धार्नी
१ बाह्र पोल–१।३ धार्नी
१ आठपोल–१।४ धार्नी
१ चारपोल–१।८ धार्नी

यस्तैगरेर तोला, आना, पैसा र दामको परिमाण निम्न बमोजिम पाइन्छ:–

१६ आना–१ तोला
४ पैसा–१ आना
४ दाम–१ पैसा
४ लाल[69]–१ दाम

यो बाहेक तोला, मासा र लालको पनि प्रयोग हुन्थ्यो जस अनुसार १२ मासाको १ तोला र १० लालको १ मासा हुन्छ। यस हिसाबले १०० लालको १ तोला हुन्छ।

यस किसिमले तात्कालिक आर्थिक क्षेत्रका व्यापार बाणिज्य र नापतौल व्यवस्था आदि कुराको बारेमा थोरबहुत जानकारी यस पत्रले दिएको छ। यी बाहेक अलिकति चर्चा त्यनबेला शासकवर्गहरूको व्यक्तिगत पशुपालनमा कत्तिको चासो रहेको थियो भन्ने विषयमा पनि यस पत्रमा उल्लेख छ। त्यसैले यसलाई पनि आर्थिक पक्ष अन्तर्गत नै चर्चा गर्नु उचित देखिन्छ। पत्रमा किमति सामग्री अन्तर्गत खसी, बाखा आदिलाई पनि राखिएबाट एकातिर त्यस्ता पशुहरूको जनजीवनमा महत्वको विषयमा जानकारी हुन्छ भने, अर्कोतर्फ दरवारहरूमा पनि पशुपालन हुने प्रचलन भएको कुरा थाहा लाग्दछ। त्यस्तै गाई २ वटा र वहर एउटाको पनि बण्डापत्रका मालसामानको क्रममा राखिएको छ। त्यस्तै साधारण घोडा २ वटा र अरवी एउटाको उल्लेख पनि परेको छ। माथि नै भनिसकिएको छ कि, जनरल भक्तवीरको संपूर्ण संपत्तिको १५ खण्डको ५ खण्ड मात्र यस विवरणमा परेको छ। त्यसैले ६/७ वटा गाई, ३/४ वटा खसी, ३/४ वटा बाखा, ६/७ वटा साधारण घोडा, ३/४ वटा अरवी घोडा भक्तवीरको दरवारमा पालिएको कुरा यसबाट प्रष्ट हुन्छ। खसी एउटाको मूल्य रू. ८।- सम्म र बाखीको रू. ४।-, अरवी घोडाको रू. ५००।- र घोडा एउटाको रू. ५०–६०।- देखि रू. १००- सम्म पर्ने भएबाट त्यस समयमा यस्ता पशुपालनबाट निकै आर्थिक लाभ हुन्थ्यो भन्ने कुरा स्पष्ट छ। एकातिर दास एउटाको औसत मोल रू. ६०।- मात्र यस पत्रले देखाएको छ भने, अर्कोतर्फ एउटा घोडको मूल्य लगभग रू. १००। र अरवी घोडाको रू. ५००।- पर्ने भएबाट त्यसकालमा यस्ता पशुपालनको महत्व कति थियो भन्ने विषयमा चर्चा गरिरहनु परोइन। त्यसैले दरवारमा समेत पशुपालनको काम थोरबहुत भएको हुनुपर्दछ। वास्तवमा गाउँघर तिर साधारणमा त्यसकालमा बढी पशुपालनको काम हुन्थ्यो। कृषि कार्यको लागि पशुपालनको छुट्टै महत्व नेपालमा आज पनि छँदैछ र त्यसकालमा पनि आजभन्दा बढी नै थियो भन्नुमा अत्युक्ति हुन्न। आर्थिक क्षेत्रमा सरसापटी वा ऋण स्वरूप दरवारबाट साधारण कारिन्दालाई नगद दिने परम्परा भएको कुरामा पनि यस पत्रले प्रकाश पार्दछ। पत्रमा सूर्जनारान छिपालाई दिइएको रू. ५०० मध्ये २००।-,

अम्वरध्वज थापालाई २००।– जमादार रणसेर खत्रिलाई १२२ रुपैयाँ आठआना, भगवन्त सार्कीलाई रु. २०५।– ऋण सापटी दिइएको देखिन्छ ।

**४.सामाजिक पक्ष:**

हुनत एउटा पत्रको आधारमा मात्र कुनैपनि समयको सामाजिक विश्लेषण हुन नसक्ने कुरा निर्विवाद छ । तापनि पत्रमा उल्लेख भएका केही सामाजिक तथ्यताहरूलाई यहाँ प्रस्तुत गर्नु उचित ठानिएको हो । पत्रको आधारमा त्यस समाजमा विद्यमान अलिकति धार्मिक, भेषभूषा र रहन सहनको बारेमा हुन आउँछ ।

दास प्रथा: मध्ययुगीन कुप्रथाको ज्वलन्त नमूना बनेको दासप्रथा नेपालमा ज्यूँकात्यूँ बाँकी नै थियो जङ्गबहादुरको समयसम्म । यसको बारेमा केही चर्चा माथि आर्थिक विश्लेषण अन्तर्गत पनि गरिसकिएको छ । पत्रले कमारा कमारीको ज्यादै दयनीय अवस्थालाई उदाङ्ग बनाएको छ । हुनत यसमा विभिन्न अंशवण्डामा भाग लगाइएका वस्तुहरूमा ३ जना कमारा कमारी र तिनीहरूको मोलमात्र दिइएको छ तापनि त्यति आधारमा पनि उनीहरुको मोटामोटो स्थिति अध्ययन गर्न सकिन्छ ।

यस आधारमा प्रथमत: दासहरू (कमाराकमारी) अन्य संपत्तिकै क्रममा संपत्तिमा गणना गरिएको छ । दोस्रो कुरा यसमा एकजना उमेर पुगेको बलियो कमारीको मूल्य ८०।– र केटाकेटी कमारीको मूल्य २० रूपैयाँ प्रति व्यक्ति तोकिएको छ । उता झण्डै एकजना लायक कमारा वा कमारीको मूल्य बराबर एउटा मखमलको कुर्थीलाई पर्ने उल्लेख छ । त्यस्तै एउटा घोडालाई ५०।– देखि १००।– सम्म हुँदा झण्डै १–२ जना कमाराकमारी एउटा घोडा बराबर हुने र अरवी घोडा १ बराबर त ६–७ जना योग्य कमाराकमारी हुने देखिन्छ । यस तथ्यताले १ जना कमारा वा कमारीलाई भन्दा एउटा अरवी घोडा लाई ७ गुना बढी हेरविचार र स्याहारसंभार गर्नु पर्ने र एकै जोर लुगालाई पनि ध्यान बढी दिनु पर्ने अवस्था प्रष्ट हुन्छ, किनकि, पशुधन सरह गणना गरेर राखेका कमारा-कमारीको मूल्य कुनै पशुको तुलनामा कम हुन्छ भने,उसको महत्व पनि स्वत: कम हुन्छ नै,त्यसरी हेरविचारमा पनि ।

यसै गरी नेपालमा दासहरूको अवस्था तुलनात्मक रूपमा देखाउन केही वर्ष पहिले र पछिका उदाहरणलाई यहाँ प्रस्तुत गरिन्छ । वि.सं. १८६८ सालमा लेखिएको पत्र-मा पाँच जना कमाराकमारीको मूल्य पच्चले तोक्ने र सो व-मोजिम वेचविखन हुने कुराको उल्लेख छ । [70]त्यस्तै गरेर वि॰ सं १८८० सालतिर दोलखमा १ घरको कमारी (दुईनी)लाई परेको रु १५।– दण्ड बुझाउनुभन्दा कमारी लाई नै छोडपत्र गरी दिएको उदाहरण पाइन्छ ।[71] यस कुराबाट त्यस कमारीको मूल्य रु १५।– बराबर पनि नभएको महसूस हुन्छ । वि॰ सं॰ १९१२ भन्दा लगत्तै पछि १९१४ को एकपत्रले १ कमारी ठानामा लिलाम भएको उदाहरण प्रस्तुत गर्दछ । [72] यस्तै वि.स. १९१८ तिर लेखिएको एकपत्रमा कमारीका आमा छोरी ४ जीउको रु ३००।- भनी लेखिएको छ। यसबाट १ कमारीको औसत मूल्य रु ७५।– रहेको देखिन्छ ।

यी उपर्युक्त कुराबाट पूर्ण रुपमा पशु धनकै रूपमा दासहरू लिलाम, बिक्रीवितरण गर्ने चलन त्यसकालमा भएको प्रष्ट हुन्छ । रु. १५।– तिर्नुको सट्टा कमारा वा कमारीलाई नै घरबाट निकाल्ने काम गरिन्थ्यो । यसरी निकालिएपछि त्यस्ता कमाराकमारीको समाजमा कुन दशा हुन्थ्यो होला । निकालिएपछि कसैले पनि स्वीकार नगर्ने र सामाजिक बहिष्कारको अवस्था त अवश्यै रहेको हुनुपर्दछ ।

धर्म: नेपाली समाज पहिलेदेखि नै धर्मका आधारित रहेको कुरामा द्विविधा उत्पन्न हुन सक्दैन । जङ्गबहादुर-को सयममा पनि धर्मको महत्वपूर्ण स्थान रहेकै देखिन्छ । दान, धर्म, तीर्थ आदि कार्यहरू सबै शासकवर्गका साधारण क्रियाकलाप अन्तर्गत नै पर्दथे । बेलायतको यात्रा पूरा गरेर हिन्दूस्थान आइपुगे पछि जङ्गबहादुरले बनारसका विभिन्न देवस्थलको दर्शन र प्रायश्चित गरेको कुरा यस सन्दर्भमा उल्लेख छ । [73] त्यस्तै श्री ३ रणोद्दीप सिंहको धार्मिक प्रवृत्तिले पनि यस प्रसंगलाई बढी पुष्टि गर्दछ । स्मरणीय छ, उनका भतिजाहरूले उनलाई रामनाम लेखेर बसिरहेको बेलामा गोली ठोकेर मारेका थिए । [74] त्यस्तै प्रत्येक राणा जनरलहरूका दरबारमा दैनिक बिहान बेलुकी पाठ पूजाको लागि पूजाकोठा हुने र पूजा-कोठे, पुरोहित, गुरुज्यू आदि राणाहरूका दरबारमा आ—

आफ्ना दर्ता नै भएका हुन्थे ।

यस सान्दर्भिक पत्रमा पूजा कोठामा पूजाको लागि प्रयोग हुने विभिन्न पूजा सामग्रीहरूको उल्लेख परेको छ, जुन निम्न बमोजिम छन्:-

सुनको भगवतीको मूर्ति, थाली, पञ्चपात्र, आचमनी, खगौतो आदि चाँदीका रपानस, सुकुण्डा झारी, पञ्चपात्र, छाप्री, आदि तामा पित्तल तथा ढलौटका मुख्य हुन् । त्यस्तै पितामबर धोतीको पनि उल्लेख पत्रमा परेको छ । यस्तो दैनिक पाठपूजा दरबारमा मात्र नभएर अन्त्र सर्वसाधारणको घरमा पनि हुन्थ्यो आजकालको जस्तोभन्दा अनिवार्य रूपमा ।

दरबारी भेष-भूषा तथा रहन-सहन: जनसाधारणको अवस्था शोचनीय भए तापनि दरबारमा भने विलासिताले जरो गाड्दै थियो त्यसबेला । यस विषयका कतिपय तथ्यताहरूको उल्लेख माथि आर्थिक पक्ष अन्तर्गत पनि परिसकेको छ ।

जङ्गबहादुर र उनका निकटका नातेदारहरू साधारण घरमा बसोबास गर्न छाडिसकेका थिए । यहाँ रोलमा नरहेका जङ्गबहादुरका दाज्यू भक्तवीरले पनि भिन्न चोकहरू भएको, विभिन्न दिशा तर्फ फैलिएका लङ्ग भएको घरमा बस्ने गर्दथे भन्ने कुरा यस पत्रबाट प्रष्ट हुन्छ । भक्तवीरको अर्को पनि घर मरुहिटीमा भएको कुरा समेत पत्रले देखाउँछ । अंशबण्डामा उक्त घरलाई १६ खण्डमा हिसाब गरेर ५ खण्डको १ भाग १ भाइको अंशमा परेको उल्लेख भएबाट उक्त मरुहिटीको घर पनि निकै भव्य थियो भन्ने कुरा सहजै अनुमान हुन्छ । माथि उल्लेखित धोबिचौर (इखापोखरी) को घरचाहिं ७ चोक भएको विशाल थियो भन्ने कुरा भक्तवीरका संततिहरूसंग भएको टिपोटबाट प्रष्ट हुनआएको छ । 75

यस्तै स्थिति भेष-भूषामा पनि थियो । साधारण जनता र दरबार बीचको असमान भेषा-भूषाको स्थितिका कतिपय तथ्यतालाई यसै पत्रले पनि प्रस्तुत गरेको छ । विदेशी लुगा कपडा र गरगहनाको दरबारमा ठूलो महत्व थियो भन्ने विषयमा सप्रमाण माथि नै पनि उल्लेख गरिसकिएको छ । दरबारका र अन्य ठूलाबडा स्वास्नी मानिसहरू किमखाब, मखमल, कुचिन जस्ता महङ्गा विदेशी कपडाका फरिया, चोलो लगाउने गर्दथे । त्यस्तै गहनामा पनि सुनका बाला, जन्तर, टीकमाला, फूल मोती जडिएका बन्दी, असर्फी माला, छापे औंठी, मुन्द्रो, पहल्दार चुरा, कचौरी, मोती जडिएका सुनका टीका, फुली, कनकन, नत्थ, मोतीका माला आदि र चांदीका पाउजेब जस्ता गहनाको प्रयोग हुने परम्परा भएको तथ्यतालाई यस पत्रले प्रकाश पार्दछ । यी बाहेक अरू उच्च परिवारका स्वास्नी मानिसहरू हीरा, मोती, मुगा, ईउ जस्ता अन्य बहुमूल्य पत्थरहरू जडाउ भएका अनेक किसिमका गहनाहरू पनि प्रयोग गर्दथे ।

लोग्ने मानिसले लागाउने लुगामा सालका लवेदा, मखमलका कुर्था किमखाव, कुचिन, लाहुरिसाटन आदिको सुरुवाल,साधारण कुर्था, अंग्रेजी कुर्था, मखमलको गलेबंद, धागाको मोजा, पञ्जा आदिको उल्लेख पत्रमा परेको छ । यस किसिमले थेर-थोर भूष-भूषाको बारेमा पनि यस पत्रले जानकारी दिएको छ भन्नुमा अत्युक्ति हुन्न ।

दरबार र ठूला-बडाका घरको ठाँट-बाँट साधारण भन्दा निकै बेग्लै खालको हुन्थ्यो नै । यस पत्रले पनि उक्त कुरालाई राम्रोसंग प्रष्ट्याएको छ । दरबारमा डिट्ठा, सुबेदार, मुखिया, बहिदार जस्ता कारिन्दाहरू निजी हिसाब-किताबको लागि राखिन्थे । महङ्गा महङ्गा अत्तरहरू प्रयोग गरी दरबारका बैठक सुगन्धित पारिन्थे । कपाल कोर्ने थाकी र हुक्कादेखि लिएर साधारण सामग्रीहरू पनि सुन चाँदी प्रयोग गरी बनाइएको हुन्थ्यो । दरबारमा सामरिक महत्वका हातहतियार राख्न पनि ठाँट बाँटको अर्को उदाहरण हुन्थ्यो त्यसबेला । त्यसैले दरबारहरूमा प्रतिस्पर्धात्मक रूपमा यस्ता हातहतियारहरू राखिन्थ्यो । यस पत्रमा पनि वेलायती खारेदार दोनली गोलीवाल बन्दुक १, त्यस्तै छर्राबाल बन्दुक १, त्यस्तै रैफल १, कपतानी खारेदार रैफल १, तरवार ३, खुकुरी ४ खुंडा १, कटारी-१ आदि हतियारको उल्लेख छ । यी सबै भक्तवीरको संग्रहमा भएको हतियारको ३ खण्डको १ खण्ड जति मात्र हुन् । यस्तै गरेर विदेशी र स्वदेशी नै पनि विभिन्न जातका कपडाहरू घरमा थान थानै जति सक्दो बढी राख्न सक्नु पनि ठाँटबाँटको अर्को उदाहरण हुन्थ्यो । पत्रले विदेशी मखमल, मलमल, बनात, साल, आदिदेखि लिएर कोगटी खाँडी, गवन

छिटसम्म थानथानै कपडाहरू जनरल भक्तवीरको दरबारमा रहेको कुरा देखाएको छ ।

ठूलादेखि सानासम्म सबैलाई दैनिक कार्य संपादनका लागि आवश्यक पर्ने वस्तुहरू संग्रहमा राख्नु अनिवार्य हुन्छ । अत्तर र मखमलका लुगा, हीरा र मोती मात्र भएर दैनिक जीविका चल्न नसक्ने कुरा स्पष्ट छ । त्यसैले संपतिको रूपमा नै त्यस्ता बिकिमती मालहरूलाई पनि राख्नु पर्ने हुन्छ; जुन कुनैपनि गृहस्थलाई आवश्यकै हुन्छ । यस्ता सामग्रीहरू भक्तवीरको दरबारमा पनि थिए जुन माथि उल्लेख गरिए बमोजिम १६ खण्डका ५ खण्डको भागमा पर्ने सामग्रीहरू निम्न छन् जसलाई मूल्य नतोकी फरामका थान गन्ती भाँडा भनी रखिएको छ ।

तापके– ३, कोप्पासो– १, स्यागि– १, कराही– १
हँसिया– १, बंचरो– १, खुल्यासी- १, सनासो- १
कोदालो- १, ठडौरो– १, कुटो -१, ठेकी – १
डाडु– १, ढक – २ (बिसौलीको १, दुई पाउको-१)

## ५. राजनैतिक पक्षः

यस सान्दर्भिक पत्रको आधारमा थोरै जानकारी त्यस समयको राजनैतिक र प्रशासनिक स्थितिको विषयमा पनि हुन्छ जस आधारमा जङ्गबहादुर त्यस बेलासम्ममा नेपालको राजनीति तथा प्रशासनमा सर्वेसर्वाको रूपमा पुगिसकेका देखिन्छन् । तैपनि श्री ३ महाराजको पदवी भने लिइसकेका थिएनन् । कुंवर भन्दा पछाडि राणा लेखर राजखान्दानसंग आफ्नो वंशसम्बन्ध जोडेर आफूलाई उच्च वर्गको बनाउने काम पहिले नै पूरा भैसकेको थियो । आधिकारिक रूपमा प्राइम मिनिष्टर, मिनिष्टर, कम्याण्डर ईन चिफ, जनरल, कर्णेल जस्ता पदको रोल मिलाई सकिएको थिएन तापनि जङ्गबहादुरका भाइ र भतिजाहरू मात्र यस्ता पदमा हुने कुरा यसै पत्रबाट पनि प्रष्ट हुन्छ । पत्रबाट विभिन्न त्यस्ता पदहरूको बारेमा जानकारी हुन्छ । ती पदहरू निम्न बमोजिम छन्:

१. प्राइम मिनिष्टर एण्ड कम्याण्डर इन चिफ जनरल ।
२. मिनिष्टर जनरल
३. कम्याण्डर इन चिफ जनरल (२ वटासम्म पद)
४. जनरल (प्राइम मिनिष्टरका दाजु समेत उमेर पुगेका भाइ सबै)
५. कर्णेल (प्राइम मिनिष्टरका दाजुभाइका छोराहरू)

यस्ता पदहरू बाहेक राणा प्राइम मिनिष्टर र भाइहरू सबै आफ्नो नाम अगाडि राजसम्मान सूचक "श्री मद्राजकुमार कुमारात्मज" भन्ने उपाधि लेख्न १९०५ सालदेखि नै थालिसकेका थिए । यद्यपि जङ्गबहादुरले वि०सं० १९१२ सम्म श्री ३ महाराजको उपाधि लिई सकेका थिएनन् ।

यस सन्दर्भमा जङ्गबहादुरले आफूपछि भाइ छोराहरूलाई बनाई दिएको सत्तानुक्रमलाई उल्लेख गर्नु प्रासंगिक देखिन्छ । जङ्गबहादुरले वि०सं० १९०३ मा भएको हत्याकाण्डमा भाइहरूबाट पाएको सहयोगलाई बिर्सिएर भाइहरूलाई उत्तराधिकारको रोलक्रमबाट टाढा पुऱ्याउन नसक्ने स्थिति भएको हुनाले आफूपछि भाइहरूको क्रम ज्येष्ठताको आधारमा जाने राखे । यसरी भाइमा शासन अधिकार सर्ने नियम बनाउन बाध्य हुनु परे तापनि जङ्गबहादुरलाई आफ्ना छोरा नातीहरूको पालो छिटो आओस् भन्ने मनसाय पनि उनमा जागृत भएको हुनाले भाइहरूपछि आफ्ना छोरा, नाती र त्यसपछि मात्र भाइका छोराहरूको पालो आउने क्रम बनाए । यसमा भाइका छोरा जेठा भए वा भाइको मात्र क्रम नभएर पुस्तामै जङ्गपट्टिका सन्तान तल भए तापनि उनीहरूको रोलनै पहिला आउने व्यवस्था भयो । यो क्रम जङ्गबहादुरले वि०सं० १९२४ मा बाँधिदिएका थिए जुन निम्न बमोजिम छ: 79

पैहिलो रोल श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजी
दोश्रो रोल श्री कम्याण्डर-इन चीफ जनरल रणोद्दीप सिंह
तेस्रो रोल श्री पश्चिम तर्फका कम्याण्डिङ्ग जनरल जगत शंशेर जङ्ग
चौथो रोल श्री पूर्व तर्फका कमाण्डिङ्ग जनरल धीर शम्शेर
पाँचौ रोल श्री दक्षिण तर्फका कमाण्डिङ्ग जनरल जगत जङ्ग बहादुर

छैठौं रोल श्री उत्तर तर्फका कमाण्डिङ्ग जनरल जीत जङ्गबहादुर
सातौं रोल श्री जनरल पद्म जङ्गबहादुर
आठौं रोल श्री ३ जङ्गका विवाहितापट्टिका छोरा छन्ज्याल
नवौं रोल श्री लेफटेन्ट जनरल बबरजङ्ग कुंवर राणाजी
दशौं रोल श्री लेफटेन्ट जनरल रणवीर जङ्ग
एघारौं रोल द०घ०ज०का० श्री ५ मैंजापट्टिका छोरा युद्ध प्रताप जङ्ग
बाह्रौं रोल उ०क०ज०का० श्री ५ मैंजापट्टिका छोरा भया उनको वहांपछि ६ भाइका छोराहरू
तेह्रौं रोल श्री मेजर जनरल केदार नरसिंह कुवर राणाजी
चौधौं रोल श्री मेजर जनरल वंविक्रम बहादुर राणाजी
पन्ध्रौं रोल श्री बुद्धि विक्रम बहादुर राणाजी
सोह्रौं रोल श्री लेफटेन्ट कर्णेल वीर शंशेर जङ्ग राणाजी
सत्रौं रोल श्री लेफटेन्ट अंवर जङ्ग राणाजी
अठारौं रोल श्री लेफटेन्ट श्रीधोज नरसिंह राणाजी
उनैसौं रोल श्री मेजर जनरल रामकृष्ण राणाजी
बीसौं रोल श्री लेफटेन्ट कर्णेल षडग शम्शेर राणाजी
एकाइसौं रोल श्री लेफटेन्ट भूपेन्द्र जङ्ग राणाजी
बाइसौं रोल श्री लेफटेन्ट रण शंशेर राणाजी
तेइसौं रोल श्री लेफटेन्ट देव शंशेर राणाजी
चौविसौं रोल श्री लेफटेन्ट चन्द्र शंशेर जंग राणाजी
पचिसौं रोल श्री लेफटेन्ट वीर विक्रम जङ्ग राणाजी
छविसौं रोल श्री लेफटेन्ट भीम शंशेर राणाजी
सत्ताइसौं रोल श्री लेफटेन्ट फत्य शंशेर राणाजी
अठाइसौं रोल श्री लेफटेन्ट ललित शंशेर जङ्ग राणाजी

यहाँपछि ४ भाइका विवाहित भात षानहुन्या रानी पट्टिका छोराहरू वहाँपछि
रोल श्री लेफटेन्ट जनरल कर्णेल भैख नर्सिंह- १
रोल श्री कर्णेल यथा विक्रम बहादुर- १

इति संवत् १९२४ साल माघ शुदि १० रोज २ शुभम् ।

यस आधारमा यस लेखको सान्दर्भिक पत्रमा उल्लेखित बाहेक केही अरू पदहरू पनि बढी देखिछन् । ती हुन् लेफटेन्ट जनरल, मेजर जनरल, पूर्व, पश्चिम, उत्तर, दक्षिण तर्फका कम्याण्डिङ जनरल, लेफटेन्ट कर्णेल, लेफटेन्ट जनरल कर्णेल । यो लेफटेन्ट जनरल कर्णेल अनौठो पद देखिए तापनि कहिले काहीं कर्णेल इन् चिफ (राज परिवारका सदस्यले पाउने) र कर्णेल कम्याण्डर (जनरल भइसकेका व्यक्तिले पाउने) जस्ता पदको पनि व्यवस्था हुँदो रहेछ । यसरी त्यस समयमा देशमा संपूर्ण राजनैतिक, प्रशासनिक कार्यहरू जङ्गबहादुरका भाइ भतिजा छोराहरूमा निहित रहेको कुरा छर्लङ्ग हुन्छ । देशको प्रशासनिक समस्या सुल्झाउने निहुँमा कति भाइ भतिजा छोराहरूलाई विशिष्ट पदहरूको व्यवस्था गरी बाँडफाँड गरिदिएर भाइ भतिजाहरूको विश्वास जित्ने विचारले जङ्गबहादुरले देशको प्रशासन व्यवस्थालाई ४ भागमा विभाजन गरी पूर्व पश्चिम, उत्तर, दक्षिण गरी विभाजन गरेर प्रत्येक क्षेत्रको लागि १–१ जना कम्याण्डिङ जनरलको व्यवस्था गरेको कुरा माथि उल्लेख गरिएको तथ्यताले प्रष्ट पार्दछ । वैधानिक रूपमा यस्तो रोल क्रमको नियम वि.सं. १९२४ मा बाँडिदिए तापनि व्यवहारमा जङ्गबहादुरको उदय पश्चात लगतै यस किसिमको व्यवस्थाको शुरुआत जङ्गले गर्न थालिसकेको कुरा यो १९१२ को पत्रले देखाएको छ जसमा आफू प्राइम् मिनिष्टर र कम्याण्डर इन चिफ र ज्येष्ठक्रम अनुसार भाइहरू क्रमशः वंबहादुर मिनिष्टर, कृष्ण बहादुर र रणोद्दीप सिंह कम्याण्डर इन चिफ, जगत शम्शेर र धीर शम्शेर लाई जनरल पद दिएको देखिन्छ । त्यस्तै अर्की आमा पट्टिका दाजुलाई पनि भाइहरू सरह जनरलसम्म दिई खुशी पारेर राखेका छन् । त्यस्तै दाजुका छोराहरूलाई पनि कर्णेल पद दिएको कुरा पत्रले प्रष्ट पारेको छ । यस समयमा जङ्गका १ जना भाइ बद्री नरसिंहको भने मृत्यु भैसकेको थियो ।

यी राणा परिवारका निजी पदहरू बाहेक डिठ्ठा, सुबेदार, जमादार, मुखिया, बहिदार आदि पदहरूको पनि पत्रमा उल्लेख छ । यस्ता पदहरू राणा प्राइम्-

मिनिष्टर र जनरल आदिलाई रिझाउने सर्वसाधारणले पाउँदथे। कति यस्ता पदाधिकारीहरूले त राणा जनरलहरूको दरबारको स्वाहा सेस्ता हेरी जागीर पकाउने परम्परा पनि त्यस कालमा थियो।

६. उपसंहार:

आजभन्दा वर्षले १२५ वर्ष मात्र अगाडिको कुरा भए तापनि आजको नेपालको अवस्थाको तुलनामा हजारौं वर्ष पुरानो जस्तो देशको आर्थिक, सामाजिक तथा थोरै राजनैतिक अवस्थाको बारेमा जानकारी यस पत्रले दिएको छ। यस लेखमा व्याख्या गरिएका बाहेक पनि धेरै जानकारी पत्रबाट प्राप्त गर्न सकिन्छ। यो त एक दृष्टिकोण खासगरी आर्थिक दृष्टिकोण राखेर लेखिएको लेख मात्र हो।

देशमा आर्थिक समुन्नतिको लागि आर्थिक कारोबार, ज्ञानको बृद्धि र पूँजीको बृद्धि यी ३ कुराहरू नभै नहुने कुराहरू हुन् भन्ने राय विद्वान्हरूको छ। यो विचार अर्थशास्त्रका विद्वान आर्थर लेवीसको हो। उनको शब्दमा:

"The three proximate causes of economic growth are: Economic activity, increasing knowledge and increasing capital."

तर दुर्भाग्य नै भनौं नेपालमा यी तीनै कुराको सख्त अभाव थियो त्यसवेला र केही अझै पनि। सामाजिक क्षेत्रमा पनि त त्यही दशा थियो। अज्ञानता व्याप्त थियो समाजमा ; त्यसैले विवेकको पनि स्वतः कमी हुने नै भयो। जङ्गबहादुर बेलायत गएपछि त्यहाँको सामाजिक स्थिति देखेर ताजुब मान्नुको साथै प्रभावित भएर यहाँ फर्किएपछि देखाएका केही सामाजिक सुधार कार्यले पनि यो कुरामा पुष्टि दिन्छ। राजनैतिक क्षेत्रमा त झनै दुर्दशा हुने नै भयो। कट्टर एकतन्त्रवादको स्थापना जङ्गबहादुरले गरेका थिए। समकोटीका सबै भारदारहरूलाई खतम गरेर राजनैतिक प्रतिस्पर्धाको अवस्थालाई निर्मूल कोतपर्वदेखि पारिएको थियो।

## परिशिष्ट

१) स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री प्रा
२) इम् मिनिष्टर यान् कम्यांडर इन (चिफ) ज
३) नरल जङ्गबहादुर कुवर राणाजि कस्य
४) पत्रम्

१

५) स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री
६) मिनिष्टर जनरल वं बहादुर कुवर राणा
७) जि कस्य पत्रम् -

२

८) स्वस्ति श्री मद्राज कुमारात्मज श्री
९) कम्यांडर इन् चिफ जनरल कृष्ण वहादु
१०) र कुवर राणाजि कस्य पत्रम् -

३

११) स्वस्ति श्री मद्राज कुमार कुमारात्मज (श्री) कम्माण्डर इन् चीफ
१२) जनरल रण उद्दिप सिंह कुवर राणाजी कस्य पत्रम्-

४

१३) स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री जनरल जगत् स
१४) म्सेर जङ्ग कुवरा राणाजी कस्तपत्रम् -

५

१५) स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री जनरल धीर सम्सेर (जङ्ग कु) वरराणाजी कस्य पत्रम्

६

१६) लिषितम् श्री मद्राज कुमार कुमारात्मज श्री जनरल भ (क वीर) कुवरराणाजी श्री क
१७) र्णेल मकधोज कुवर राणाजी. श्री कर्णेल तोरण धोज कुवर राणाजी श्री वि
१८) क्रम धोज कुवर राणाजी आगे हामिहरूका घरवारि जगाजमिन नगद
१९) जीनसि गहना सुना चादिका गहना भाडा तषन् कसनुका भाडा मा
२०) ई घोडा वाषि बदेल षसि वंदुक हात हतियार लताकपडा गैन्ह हामि ह
२१) रु. आआफु वसि षसोषास तायदात् गरि अंन वमोजिम् सोल्ह षंड
२२) गरि ५/५ षंडको भाग ३ येक षंडको भाग १लगाई हामिहरूका म
२३) नोमान संग अंस वंडा गर्यौं यस कामका साछि -- १ -- २ --

२४) ३ – – ४ – – ५ – – ६ – – सुब्बा हृदय रत्न
२५) डिठ्ठा लोकेन्द्र धोज जैसि डिठ्ठा दिर्घसि थापा डिठ्ठा कविराज थापा सुवे
२६) दार तुलाराम भण्डारि मुषिया तेजनारान मनोरथ पाध्या बहिदार गजाध
२७) र चन्द्र सेषर पाध्या – – – ... – ... – – – ७ – को भाग वमो
२८) जीम तपसिल् –
२९) तपसिल ३
३०) दर दाम ठेकियाको ज्मा रूपैया ४३९२२=।।।≡ मध्ये – १३७२५।।≡
३१) सुना तोला २६०।१।५ के दर २० ताके – ५२०३
३२) बालाजोर १ के १९।७।६
३३) ऐं – १ के – २०।७।.
३४) सानावाला जोर – २ के – १२।.।.
३५) जंत्र – १ के – ४।.।७
३६) टिकमाला – २ के – १७।६।६
३७) १ के – ८।३।.
३८) १ के ९।३।६
३९) फुल – २ के – ५।८।९
४०) १ के – २।५।१
४१) १ के – ३।३।८
४२) मोति स्मेतका वंदि – १ के २।४।७।।.
४३) कल्दार असर्फिका मालाको असर्फि
४४) थान २३ को मुन्द्रिके – २।५।७।।.
४५) छापका औंठि – १ के – ।९।३
४६) मुन्द्रि – १ के ।४।.
४७) वषुका छुडि – ७ के – ।७।१
४८) पहल्दार चुरा – १० के – २३।६।७
४९) कचौरि – ८ के – ।८।
५०) साना कचौरि – ७ के – ।३।५
५१) सुनका थान् – ४ टुक्रा १ ज्मा ५ के – २६।३।.
५२) भगवतिका मुर्ति भयाको ताविज – १ के – ७।.।
५३) तिनमनि – १ के – ६।८।४
५४) ऐं – १ के – ७।९।२
५५) फुल – १ के – १।९।५
५६) मोति लाग्याको ठाडो टिका जोर १ के – ५।४।.
५७) टाक – १३के – ३।.।८
५८) तरवारका कोथि १ कंठि २ हुकाको
५९) फुलि १ ज्मा – ४ के – १०।३।२
६०) जंत्र २ रिठामाला २ को घर स्मेत्
६१) के –७।८।.
६२) मुन्द्रि – २८ के – ६।३।.
६३) कनका – ६ के – २७।२।.
६४) नत्थ ४ चौकडिको मुन्द्रि ६१ ज्मा
६५) ६५ के – १९।.।५
६६) कुर्थाको काज गैह्रके – १९।.।.
६७) चादि तोला ६५३।८।२ के दर १।।. ताके –७१४।।≡।।.
६८) सागल्या पाउजेप जोर – १ के २३।१०।.
६९) झारि – १ के – ५८।.।.
७०) नागोलठु जोर १ माझा १ साना १ ज्मा
७१) जोर ३ माफ्ला १ ज्मा – ४ के – ६९।४।३
७२) कटौरा – ३ के – ७५।४।.
३३।.। २२।१०। १९।६।.
७३) छाताका गजुर – १ के २।७।६
७४) थाक्रो साभि १ फुलि १ ढुंग्रि २ माद
७५) ल्या जंत्र १ ज्मा – ५ के ५।.।.
७६) अर्घा – १ के – २९।५।३
७७) करूवा – १ के – १४।१०।६
७८) अत्तरदान – १ के – ४३।.।.
७९) चाप जोर – १ के ६।.।
८०) अनवट बिछिया जोर – १ के ११८।.
८१) पानवट्टा – १ के – १८।६।.
८२) सिदुन्या वट्टा १ के – १०।५।४
८३) ऐं – १ के – ५।.।४
८४) साना थाल – १ के – ३१।७।.
८५) छेडषानि किस्ति – १ के – १३।५।.
८६) पञ्चपात्र आचमनि स्मेत् – ४९।.।.
८७) अतरदान – – १ के २८।६।.
८८) वट्टा – १ के – १०।७।.
८९) सम्यट् – १ के २४।५।.
९०) साना उत्तरदान – २ के – २।९।.
९१) साना आपषोरा – १ के ३।९।४

९२) हुका — ४ के – ६२।२'.
२।८.।  ६।३।  १४।४।  १०।३।.
९३) षगौतो बाध्याको – १२।१।४
९४) टिका वट्टा १ सिनका १ चानचुन — २।२'
९५) हातिका गहना गैह्र तोला ८३२।११।४
९६) मध्ये तोला — १९।.।
९७) नगदि ज्मारु — ७१३॥२
९८) सुनाका पुराना कल्दार असर्फि थान २५ के ताके — ६००
९९) नयाँ नेपालि सुनाका ग्रसर्फि थान १ के — २४
१००) कल्दार ७ के दर सैकरा २४ ताके — ८॥=।॥.
१०१) लाठयाहि ११ के दर सैकरा २० ताके – १३≡३
१०२) सुकि — १ के — =
१०३) सुकि १ मध्ये – ऽ३
१०४) अंनि — १ के — –
१०५) मोहर रुपैयाँ — ६७॥.
१०६) मोतिका मोल् — ५७६
१०७) ठुला दाना ७ के दर ११ ताके — ७७
१०८) माझा दाना १०५ के दर ३ ताके – ३१५
१०९) साना दाना ३० के दर २ ताके – ६०
११०) कचौरि ८ मा लाग्याको दाना ४८ के दर २ ताके ९६
१११) ऐं ·७ मा लाग्याको दाना ५६ के दर ॥.ता २८
११२) कमारिकामोल — १२०
११३) मालनि — १ के — ८०
११४) ऐं का छोरी — २ के ४०
११५) साना पाल १ का मोल — ५० .
११६) सालका लवेदा — १ के — ५०
११७) मखमलका लामु कुर्थि · १ के – ७०
११८) वुलिन् जोर १ के - ५०
११९) हलजि औना - १ के – १३
१२०) किम षावका चोला - १ के – १८
१२१) ऐं - का फरिया – १ के · ४५
१२२) मषमलका चोला · २ के · ८०
१२३) लैसका टुक्रा टुक्रि के - ३
१२४) ढाल १ के · १२
१२५) षसि · १ के · ८
१२६) वाषि - १ के – ४
१२७) कुचिनका फरिया - २ के -- १२०
१२८) कसन् तमन्का भाडा धार्नि ५१ऽ॥।≡॥।.
के दर ४ ताके रु – २०५।–
१२९) निजका वैठकको – ४ऽ१
१३०) पितल्या लोटा १ कोप्रा
१३१) १ ज्मा २ के – १ऽ
१३२) कहुवा १ के ऽ२॥.
१३३) पितल्या तेलको सामादा
१३४) न १ के ऽ१॥.
१३५) देवाल गिरि स्मेत् पान
१३६) स · १ के २ऽ
१३७) कोठा २ को
१३८) जेठिको – ५९=॥.
१३९) तामाको गाग्रि – १ के ऽ२॥ =
१४०) पितल्या झारि – १ के ऽ१।=
१४१) ऐं कोप्रा १ के – ऽ२॥ =
१४२) लोटा – १ के ऽ॥ =
१४३) ढलवट पानस – १ के ३ऽ=
१४४) सुकुंडा – १ के ऽ॥ ॥.
१४५) कांछिको – ४ऽ२॥=।।
१४६) तावाको गाग्री - १ के ऽ२॥ –
१४७) पीतल्या लोटा – १ के – ऽ॥.॥.
१४८) ऐं थाल - १ के - ऽ१।≡
१४९) ढलवट तेल षोरि - १ के - ऽ१
१५०) भाचियाको पानस - १ के - २ऽ।.
१५१) कहुवाको थोत्रो पत्तु - ऽ१।=
१५२) सुकुंडा – १ के ऽ१
१५३) ढुकुटिको · २६ऽ२॥≡॥.
१५४) कसौडि - ३ के ३ऽ१ ।≡॥.
१५५) सर्पोस स्मेत् १ के १ऽ.॥.
१५६) कसौडि २ के २ऽ१।≡
१ऽ२॥.  ऽ१ ॥ =
१५७) पितल्या तसला – के १ऽ।.

१५८) ढल् वट कटोरा ६ के - १ऽ।।.
१५९) ऐं ऐं - ३ के - ऽ१॥=॥
१६०) ऐं कासिवाल लोटा २ के - ऽ१।।.
ऽ१ ऽ।।·
१६१) पितल्या लोटा १ के — ऽ।.
१६२) ऐं झारि — १ के ऽ१।.
१६३) ऐं थाल् - २ के १ऽ।.
१६४)
ऽ२।। ऽ।।।.
१६५) पितल्या कोप्रा - २ के १ऽ।
ऽ२। ऽ१।
१६६) पितल्या कराहि — १ के १ऽ१।।=
१६७) पञ्चपात्र - १ के - ऽ।।=।.
१६८) ताम्राकामाना - १ के ऽ।☰
१६९) अ्राप षोरा — १ के - ऽ।।-।।.
१७०) ताकावा गाग्रि - ४ के - ८ऽ१।।.
२ऽ१।।. १ऽ२ १ऽ२ २ऽ२
१७१) तावाको डोल — १ के ऽ२ ।।।.
१७२) कासाका थाल - १ के - १ऽ।।।=
१७३) तावाको छाप्रि - १ के - ऽ।।.
१७४) तावाको षडकुडा - ३ के १३ऽ☰।
२ऽ१।☰ ६ऽ ४ऽ१।।।
१७५) तावाको कुम्पा - १ के ऽ२।.
१७६) पितल्या पन्यू - १ के - ऽ।☰।।.
१७७) अर्विघोडा — १ के ५००
१७८) असामि — ५१३९।।-।२
१७९) सुर्जनारान् छिपा — ५०० मध्ये २००
१८०) अम्बर धोज थापा — २००
१८१) फरपिं षेत पाषा वीर्ता — ५००
१८२) जमादार रणसेर षत्रि — १२२।।.
१८३) डिठ्ठा लोकेन्द्र धोज जैसिका जिम्मा ४३४२।-।२
१८४) भगवंत साह्मीं — २०५
१८५) विकिमति माल्-
१८६) कचापंना दाना - ५
१८७) बंदुक - ४
१८८) वेलायति षारेदार दोनलि गोलिवाल - १
१८९) ऐं - ऐं - ऐं - छर्वाबाल - १
१९०) ऐं - ऐं - रैफल - १
१९१) कपतानि षारेदार - १
१९२) तरवार - ३
१९३) षुकुरी - ४
१९४) श्री बिलास सगको ठुलो - १ विडावाल-१
१९५) माझा - १ सुनौला कंटकारी विडको - १
१९६) षुडा - १
१९७) कटारि - १
१९८) वनाति झाषन - २
१९९) दरवर - ३
२००) बनाति बर्सादि - १
२०१) घोडा - २
२०२) तिलौरा सबुजा चयाँटा - १ सुबुजा भोज्या - १
२०३) घोडाको साज - १९
२०४) गुछ्ना लाग्याको वनाति जिनपोस - १
वतुवाल मोहडा - १
२०५) ऐं लाग्याको मषमलको का वनाति ऐं - २
२०६) ठि पोस - १ दोकडि - १
२०७) काठि - १ चारजामा - १
२०८) वागडोरी - १ षरहरा - ७
२०९) दुमचि - ११ कमतडा - २
२१०) मुढा - १
२११) चिनिया पंषा - १
२१२) हुमाउको कल्की - १
२१३) गुछलिवाल ढाल - २
२१४) सदे - १ कटियाको - १
२१५) सुरूवाल - ४
२१६) किम षावको - २ लाहुरिसाटन्को - १
२१७) कुचिनको - १
२१८) चयाढर जोडा - १
२१९) अल वान हात - ऽ८
२२०) जामेवाल हात् - ऽ२।।.
२२१) कुर्था - ३
२२२) गुछलिवाल वनाति - २
२२३) ऐं मषमलको - १
२२४) डडाला खालका काच् - २
२२५) गुछलिवाल् - १ गुछलि नलाग्याको - १

२२६) बनाति चुग्ता — २
२२७) गुछलिवाल् — १ गुछलि नलाग्याको – १
२२८) अंग्रेजी कुर्थी — १
२२९) वतुबाल जाल – १
२३०) गुछलि लाग्याको मषमलको गलेवंद – १
२३१) हुंडा – १
२३२) देवालगिरि – २
२३३) टेनका संदुस – १
२३४) ईसपात धानि ३ऽ। =
२३५) मेच गोटा – ११
२३६) धागाको मोजा जोर – ११
२३७) ऐं पंजा फुट — ५
२३८) कपडा गैह्र
२३९) नैन सुष थान — ९ऽ
२४०) मिहि थान ७ऽ२४
२४१) माझा थान — १ऽ१६॥
२४२) मोटा थान — ऽ३३।॥
२४३) किमरष थान — ३ऽ१०
२४४) ढाका जाम्दानि थान १ऽ१०
२४५) गिमति हात् – ऽ१०
२४६) मुलिसकिन् हात् — ऽ१२
२४७) गवन थान – २ऽ२४
२४८) नकलि गवन – १ऽ१३॥
२४९) ठुलो बुट्टा गवन – ऽ३६॥
२५०) मोटा नकलि गवन — ऽ३०॥
२५१) १६ गजा दरेस थान — १
२५२) ८ गजा दरेस थान — ॥
२५३) फरासिस् थान – १ऽ२॥
२५४) देशि रंगिन हात् — ऽ१८
२५५) रंगिन नैनसुष हात् – ऽ७॥
२५६) त्रिहता थान – १
२५७) पिटाहा त्रिहता हात् – ऽ६।
२५८) कोकटि हात – ऽ१०
२५९) बुचिकोरा थान – १
२६०) तंजेप थान – १
२६१) चुदरि हात् – ऽ१०
२६२) चार षाना हात् – ऽ५
२६३) मुमि छिट् हात् – ऽ२
२६४) २॥ हात्या रूमाल – ऽ१०
२६५) नैन किलाट हात् ऽ११
२६६) षाडि हात् – ऽ२६
२६७) जिन् हात् – ऽ२॥
२६८) रंग रंगको त्रिहता चराल्याको रूमाल – ८
२६९) षुस्करि हात् – ऽ५॥
२७०) कुचिन थान · १ऽ६
२७१) वनात् हात् – ऽ८
२७२) मषमलका साना टुक् – १
२७३) बाफदा हात् ऽ१॥
२७४) पिताम्बरि धोति – १
२७५) सुजनि – १
२७६) धागाको कोर हात् – ऽ१९
२७७) जामा – १
२७८) झाड कुचिन टुक – १
२७९) फलाम्या थान गनति भाडा – १९
२८०) तापक्या – ३ बंचरो – १
२८१) कोन्यासो – १ चुल्यासि – १
२८२) स्यागि – १ सनासो – १
२८३) कराहि – १ कोदालो – १
२८४) हसिया – २ ठडौरो – १
२८५) ढक – २ कुटो – १
२८६) विसैलिको – १ ठेकि – १
२८७) दुईपाउको – १ डारू – १
२८८) चुपि – १
२८९) इषापोषरिको घर १ मध्ये भित्र चोकका दक्षिनपट्टि दुई नाल्या
२९०) लग १ र पुर्व दुई नाल्या मध्ये हात ९।। धुरि देषि जग सम्मको घर १
२९१) घरदेषि दक्षिन पट्टि अवादि वारि पश्चिम पट्टिको आलि देषि पुर्व मुल वा
२९२) टाको पर्षाल देषि उत्तर वारि – १
२९३) मह्लु हिटिको घर १६ षंड मध्ये ५ षंडको भाग – १

२९४) गाई – २
२९५) वहर – १
२९६) यो वंडारल चढयाका मितिदेषि अघिको येहि वंडा पत्रमा देहाय न
२९७) चढयाको कारिन्दाहरूसंग. कागजपत्र. बुझदा. केहिवाकि निस्को भ
२९८) त्या येहि अंस भयाको भाग बमोजिम्. वाडि लिउला कारिन्दा सगवहि बु
२९९) झ्दा – केहि बाँकि तिर्नु पर्न्या ठहऱ्यो भन्या. येहि वंडा वमोजिम तिल्ला
३००) ईति सम्वत् १९१२ साल मिति वैसाष वदि १ रोज ३ शुभम् –
(यो ऐतिहासिक पत्र उपलव्ध गराई सहयोग गर्नुभएकोमा हिरण्यबहादुर प्रधानलाई धन्यवाद दिन्छु – लेखक)

## टिप्पणी:–

१) यस सन्दर्भमा क्षेत्रविक्रम राणाबाट जानकारी लिइएको हो। सहयोगको लागि उहाँप्रति आभार व्यक्त गर्दछु।

२) जङ्गबहादुरका बाबु बाल नरसिंहले आफूलाई कुँवर भन्दथे र उनका पूर्वजले पनि। तर पछि जङ्गबहादुर र उनका भाइ भतिजाहरूले कुँवर पछि राणा लेख्न थालेका र पछि पछि कुँवर पूरै हटाइ, राणा, ज०ब०रा० लेख्न र भन्न थालेको देखिन्छ। यसै पत्रमा पनि जङ्गबहादुर, भक्तवीर समेत सबै भाइको नाम पछाडि कुँवर राणाजी लेखिएको छ।

3) Padma Jung Rana, Life of Jung Bahadur Rane, ( Second reprint ) Kathmandu: Ratna Pustak Bhandar. 1980 p. 9.

४) ने० ए०अ० केन्द्रद्वारा सञ्चालित मु०प०अ० परियोजनाको संग्रहमा रहेको अप्रकाशित पत्र।

५) बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, राजदरबार: श्री ५ महाराजाधिराजको प्रेस सचिवालय, वि०सं० २०२४, पृ ३८६।

५, ख) यज्ञविक्रमको संग्रहमा रहेको १ पत्रमा कास्की र लमजुङ शिवरामसिंह बस्नेतका संतानको भएको र पछि जङ्गबहादुरलाई कास्की र लमजुङको महाराज बनाउदा पूर्वको भूभाग धेरै दिएर साटेर जङ्गबहादुरलाई दिइएको देखिन्छ।

६) क्षत्रविक्रम राणाले बताउनु भए अनुसार।

७) यज्ञविक्रम राणाले बताउनु भए अनुसार बमबहादुराको नाममा त्यहाँ घर थियो र उनका संतानहरू सबै जसो आफै त्यहीं बस्दछन्।

८) Rana, op. cit. No 3. p.9.

९) बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, (तृतीय संस्करण) वाराणसी: कृष्ण कुमारी देवी, वि.सं० २०२६, पृ. २४।

१०) घटराज भट्टराई (संपा०) साहित्यकार झपटबहादुर राणा, काठमाडौं: यज्ञविक्रम राणा, वि०सं० २०२७, पृ. २।

११) ऐजन्, पृ. १३८।

१२) धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं: नेपाल तथा एशियाली अध्ययन संस्थान, वि०सं० २०३०, अ० संख्या ७३–७४। रमेश ढुङ्गेल, "नेपालमा धातु उद्योग धन्दाको ऐतिहासिक परम्परा" चारुमती, अंक १, (२०४० पौष) पृ. ४९।

१३) D. R. Regmi, Mediaeval Nepal, Vol. II, Calcutta, K.L. Mukhopadhyay. 1965. pp.527- 528.

१४) नयराज पन्त र अरू, (संपा०) श्री ५ पृथ्वी नारायण शाहको उपदेश, ललितपुर: जगदम्बा प्रकाशन, वि०सं० २०२५, पृ. ३२४।

१५) परिशिष्टमा हेर्नुहोस्।

16) Braim H. Hogdson, Essays on the Languages, Literature and religion of Nepal to Tibet, (Reprint) Varanasi: Manjusri Publishing House, 1972, p.12.

१७) शर्मा, पूर्ववत्, नं. ९, पृ ३५७।

18) M.C. Regmi, Nepali Economic History, (Reprint) New Delhi; Manjusri Publishing House, 1978. p 153.

१९) शंकरमान राजवंशी, (संपा०) शाहकालीन ऐतिहासिक चिट्ठीपत्र संग्रह, भाग १, पुरातत्व विभाग, वि०सं० २०२३, पृ. ३३।

20) D. R. Regmi, op. cit. No. 13, pp. 528, 532.

२१) नरहरी नाथ योगी, (संपा०) इतिहास प्रकाशमा संधिपत्र, भाग १, काठमाडौं: दाङ्ग आध्यात्मिक संमेलन, वि०सं० २०२२, पृ. ७०–७२।

D. R. Regmi, Modern Nepal, Vol. I, Calcutta: K. L. Mukhopadhyay, 1975, p. 277.

22) Colonel kirkpatrick, (Reprint), An Account of the Kingdom of Nepal, New Delhi: Manjusri Publishing House, 1969, pp. 211-212

23) M.C. Regmi, op. cit. No. 18, p. 154.

24) Hodgson, op. cit. No. 16, p. 19. Regmi, op. cit. No. 18, pp.169-170.

25) Hodgson, Ibid.

26) Regmi, op. cit. No. 18, p. 170.

27) Ibid, pp. 170-171.

२८) सूर्यविक्रम ज्ञवाली, नेपाली उपत्यकाको मध्यकालीन इतिहास. काठमाडौं: रायल नेपाल एकेडेमी, वि०सं० २०१९, पृ. ३०८।

२९) देवीचन्द्र श्रेष्ठ, (संपा०) महर्ग निवारण, काठमाडौं ने०ए०अ०सं०, वि.सं. २०३० पृ २९।

30) G.D.H. Gimlette, Nepal & the Nepalese, London: HF & G. witherby, p. 79.

३१) शंकरमान राजवंशी, (संपा०) पुरातत्व पत्र संग्रह, काठमाडौं: भाग २, श्री ५ को सरकार पुरातत्व र संस्कृति विभाग, वि.सं. २०१८, पृ. ९०।

३२) ढुण्डिराज भण्डारी, नेपालको ऐतिहासिक विवेचना, वाराणसी: मनोहर प्रेस, वि.सं. २०२७, पृ. ३५९–३७१।

३३) श्रेष्ठ, पूर्ववत्, नं. २९, पृ. १५ (मूल), पृ २९ (संपादकीय)।

३४) परिशिष्ट हेर्नुहोस्।

३५) श्रेष्ठ, पूर्ववत्, नं. २९, पृ. १३ (मूल) पृ. १६ (संपादकीय)।

३६) शरदचन्द्र शर्मा भट्टराई, "जङ्ग बहादुर कालीन नाचगाणको स्थिति दर्शाउने केही प्रसंग", स्मारिका, (२०३९ पौष) रत्न रेकर्डिङ संस्थान, पृ. ७९–८८। [बेलायतबाट षरिद भै आएको पेनेवाल वाजाको पटनादेखि हेटौडासम्मका भाडा दिनाके हरते साहु धर्मनारान बदस्त तहविलदार जोगमान (रु ११५॥] कौसी तोसा षानाका खर्चको पुराना दड्डा–पृ ७२।

३७) धनवज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रुपरेखा, काठमाडौं: ने०ए०अ०सं, वि.सं. २०३१, पृ. १४२।

३८) श्रेष्ठ, पूर्ववत्, नं. २९, पृ. १५ (मूल)।

३९) ऐजन्, पृ. १४।

40) Gimlette, op. cit. No. 30, p. 81.

41) Canpbell "Cotton manufacture in Nepal" Journal of the Royal Asiatic Society, Bengal, (April 1836)

४२) बज्राचार्य र श्रेष्ठ, पूर्ववत्, नं. ३७, पृ. १७६–७७।

४३) जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला, काठमाडौं: साझा प्रकाशन, वि०सं० २०३३, पृ. ५५–६९।

४४) परिशिष्ट हेर्नुहोस्।

४५) गोपालदत्त पाँडे, व्यक्त चन्द्रिका, प्रथम संस्करण, (नेपाली भाषामा लेखिएको नेपाली कागजको) परिभाषा खण्ड, पृ. १

46) Framsip Buohman Hamilton,(Reprint) An Account of the Kingdom of Nepal,Delhi, Manjusri Publishing House, 1977, p. 214.

४७) श्रेष्ठ, पूर्ववत्, नं. २९, पृ. ८ (संपादकीय)

४८) 'आजकाल नेपालमा मोहर रुपिया एकको पचीस गंडा पाइन्छ. अरु २२ गंडी २२॥ गंडी २० गंडी १६ गंडीको एक रुपियाको चलनछ परन्तु

जात २ का रुपिया र पैसाको समय र भाउ घटि बदि हुन्छ सो व्यवहारले थाह पाउनु पर्दछ । (व्यक्त चन्द्रिकको परिभाषा खण्डबाट)

49) T. R. Vaidya; " Monetary systen and Market rate during the reign of P. N. Shah" Voice of History, Voll. II, (1976) p.8.

५०) बज्राचार्य र श्रेष्ठ, पूर्ववत्, नं. ३७, पृ. १५८ ।

५१) ऐजन्, पृ. १५७ ।

५२) ऐजन् पृ. १६४, १८० ।

५३) ऐजन्, पृ. १४७–१४८ ।

54) Vaidya, op. cit. No. 49, p. 4.

५५) ने.ए.अ. केन्द्र, मु.व.अ. परियोजनाको संकलनमा रहेको अप्रकाशित पत्र ।

५६) इतिहास संशोधन मण्डल, (संपा.) पूर्णिमा, अंक ५७ (रामजी तिवारी अंक) (२०४१ आषाढ श्रावण) पृ. ४७ ।

५७) चित्तरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, (दोस्रो संस्करण) काठमाडौं रत्न पुस्तक भण्डार, वि.सं.२०२२ पृ. ३२६–३३२।

५८) पूर्ववत्, नं. २६, पृ. १४ (मूल)।

59) Vaidya, op. cit. No. 49, p. 10.

६०) पूर्ववत्, नं. ५५ ।

61) Vaidya, op. cit. No. 49, p. 11.

62) Regmi, op. cit. No. 18, p. 82.

६३) श्रेष्ठ, पूर्ववत्, नं. २६, पृ. ११ (सम्पादकीय) ।

६४) बज्राचार्य र श्रेष्ठ, पूर्ववत्, नं. ३७, पृ. १८२ ।

६५) धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७, पृ ५८५, अ. संख्या १६३ ।

66) Kirkpatrick, op. cit. No. 22, p. 96.

67) Ibid, p. 95.

68) Ibid. pp. 95-96.

६९) 'लाल' एक किसिमको फल विशेषको आधारबाट गरिने तौल हो । यो फल (लाल गेडी) मास भन्दा केही ठूलो आकारको हुन्छ । यस्ता विभिन्न किसिमका फललाई तौल साधन बनाउने परम्परा ज्यादै पुरानो हो । प्राचीन सभ्यताहरूमा पनि सस्यौंका गेडा आदि तौलको काममा प्रयोग हुन्थ्यो । (हेर्नुहोस्, चक्रपाणी चालिसे (अनु.) मनुस्मृति, काठमाडौं: नेपाली भाषा प्रकाशिनी समिति वि०सं० २००३, पृ. २७०) ।

७०) बज्राचार्य र श्रेष्ठ, पूर्ववत्, नं. ३७, पृ. ६९ ।

७१) ऐजन्, पृ. १७९ ।

७२) पूर्ववत्, नं. ५५ ।


७३) शर्मा, पूर्ववत्, नं. ९, पृ. ३२९ ।

७४) नयराज पन्त, "श्री ३ महाराज रणोद्दीप सिंह" पूर्णिमा, अंक २५, (मार्ग २०२८) पृ.४० ।


७५) भट्टराई, पूर्ववत्, नं. १०, पृ. २ र डा० चुणामणि बन्धु, (सपा.) स्मृतिका केही पृष्ठहरू काठमाडौं, यज्ञ विक्रम राणा, वि सं.२०४१, पृ, १०७, (घरको चित्र)

७६) धनबज्र बज्राचार्य र अरु (संपा.) इतिहास संशोधनको प्रमाण प्रमेय, पहिलो भाग, काठमाडौं जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ २१५–२१७ ।

77) Arthur Lewis, The Theory of Economic Growth, (6th impression) George Allem & Unwin Ltd. 1963, p. 23.



जनरल भक्तवीर कुँवर राणाले छोराहरूलाई गरिदिएको अंशबण्डापत्रको अगाडिको भाग ।



जनरल भक्तवीर कुँवर राणाले छोराहरूलाई गरिदिएको अंशबण्डापत्रको पछाडिको भाग ।